

चिरन मानन्धर

# सहरी खाद्यसुरक्षा र काठमाडौँको सन्दर्भ

**जगन्नाथ अधिकारी**

यस लेखमा सहरी खाद्यसुरक्षालाई तीन खण्डमा व्याख्या गरिएको छ । पहिलो खण्डमा नेपाललगायत अन्य विकासशील देशका सहरी क्षेत्रमा गरिबीको स्थिति र परिवर्तन, खाद्यसुरक्षा/असुरक्षाको स्थितिसँगै खाद्यसुरक्षाको सैद्धान्तिक बहस र सहरी विशेषताहरू (जसले गर्दा खाद्यसुरक्षालाई फरक किसिमले बुझ्नु र कार्यान्वयनमा ल्याउनु आवश्यक पर्दछ) लाई बयान गरिएको छ । दोस्रो खण्डमा सहरी खाद्यसुरक्षाका विभिन्न पक्षको बयान गरिएको छ । यी पक्षहरूलाई कसरी सुदृढ गरेमा सहरी क्षेत्रको खाद्यसुरक्षासम्बन्धी समस्या कम हुन्छ भन्नेबारेमा विवेचना पनि गरिएको छ । तेस्रो खण्डमा काठमाडौँ सहरको बदलिँदो खाद्यसुरक्षासम्बन्धी छलफल गरिएको छ । यस लेखले सहरीकरण द्रुत गतिमा सघन हुँदै गएको सन्दर्भमा केही वर्षभित्रै 'खाद्यसुरक्षा' एउटा प्रमुख समस्याको रूपमा देखा पर्ने सम्भावना औँल्याइएको छ र समयमै उपयुक्त कदम चाल्नुपर्ने आवश्यकता देखाइएको छ ।

## सहरीकरण, गरिबी र खाद्यसुरक्षा

खाद्यान्न उत्पादन प्रविधिको बाबजुद नेपाललगायत विश्वका अन्य विकासशील देशहरूमा खाद्य असुरक्षाको समस्या बढिरहेको छ । भोकमरीको समस्या विशेष गरी अफ्रिकी देशहरूमा देखा परिरहेको भए पनि खाद्य असुरक्षाका अन्य पक्षहरू (जस्तै कुपोषण) अरू देशहरूमा समेत देखा परिरहेका छन् । सन् १९९० को दशकको दोस्रो भागमा प्रत्येक वर्ष ४० लाखको दरले 'लामो भोकमरी' ले पीडित व्यक्तिको सङ्ख्या बढेको थियो । सन् २०००-२००२ सम्ममा संसारमा ८५.२ करोड व्यक्ति कुपोषणको सिकार भएका थिए, जसमध्ये ८१.५ करोड विकासशील देशमा, २.८ करोड विकासोन्मुख र ९० लाख औद्योगिक राष्ट्रहरूमा थिए । दुई मुख्य देश चीन र भारतमा गत अर्ध दशकमा भोकमरी र कुपोषणमा निकै वृद्धि भएको छ (FAO 2004) ।

अहिलेसम्म 'खाद्यसुरक्षा' एउटा ग्रामीण समस्याको रूपमा चित्रण भइरहेको थियो । संसारमा धेरै जनसङ्ख्या ग्रामीण क्षेत्रमा बस्ने र गरिबीको पनि घनत्व ग्रामीण क्षेत्रमा नै भएकोले खाद्यसुरक्षाको समस्या त्यहाँ नै हुन्छ भन्ने सोचाइ थियो । अर्कोतर्फ सहरी समस्याको (विशेष गरी खाद्यान्न अभाव भएमा) असर प्रत्यक्ष रूपमा शासक वर्गमा पर्ने भएकाले, सहरी क्षेत्रमा त्यस्तो समस्या वा खाद्य अभाव हुन नदिने प्रयास पनि बेलाबेलामा भएका थिए । यस्तो उदाहरण नेपालमा पनि देख्न सकिन्छ । यसबारे पछि छलफल गरिनेछ ।

नेपाललगायत अरू देशहरूमा पनि सहरमा बस्ने जनसङ्ख्याको वृद्धि भइरहेको छ । यससम्बन्धी विस्तृत व्याख्या अध्याय एकमा गरिएको छ । नेपालमा हाल ५८ नगर क्षेत्रहरू (महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका) छन् र यहाँ बसोवास गर्ने जनसङ्ख्यालाई साधारणतः सहरी जनसङ्ख्या भनिन्छ । सहरीकरणको अर्को पक्ष मानिसहरूको रोजगारी कृषि तथा अन्य कच्चा पदार्थहरूमा आधारित व्यवसायबाट बिस्तारै गैरकृषि क्षेत्रमा रूपान्तरण हुनु हो । यसअन्तर्गत मुख्यतः उद्योग तथा सेवा पर्दछन् । नेपालमा हाल उद्योगधन्दामा करिब १० प्रतिशत मात्र रोजगारी उपलब्ध हुनु र धेरै खेतीपातीमा संलग्न परिवारले समेत गैरकृषि क्षेत्रबाट आम्दानी गर्ने भएकोले पेसाको आधारमा मात्र परिवारलाई परिभाषित गर्न अप्ठ्यारो देखिन्छ । कतिपय 'सहरी' भनिने क्षेत्रहरूमा समेत मुख्य रूपमा कृषिमा आधारित परिवारको सङ्ख्या अत्यधिक देखिन्छ । उदाहरणका लागि नेपाल जीवनस्तर सर्वे २००३/०४ अनुसार (CBS 2005a; 2005b) सहरी क्षेत्रको आम्दानीमध्ये १३ प्रतिशत कृषिबाट भएको देखिन्छ । कृषिबाट हुने आम्दानी काठमाडौँमा तीन प्रतिशत र अन्य सहरी क्षेत्रमा १९ प्रतिशत छ । गैरकृषिबाट हुने आम्दानी सहरी क्षेत्रमा ५४ प्रतिशत छ काठमाडौँमा ६४

प्रतिशत र अन्य सहरी क्षेत्रमा ४८ प्रतिशत छ (CBS 2005b: 29) । आम्दानीको अन्य स्रोतमा रेमिटेन्स्, आफ्नो घरको प्रयोग वा भाडा तथा अन्य छन् । यसबाट के देखिन्छ भने सहरी क्षेत्रको परिभाषामा समस्या छ ।[१]

नेपालको सहरीकरणको अर्को विशेषता सानो सहर र बजारहरूको सङ्ख्यात्मक रूपमा निकै वृद्धि हुनु हो । यी बजारहरूले खाद्यसुरक्षामा निकै प्रभाव पार्न सक्छन् । यिनीहरू ठूला सहर र ग्रामीण क्षेत्रको सेतुको रूपमा पनि अवस्थित छन् । ग्रामीण क्षेत्रबाट उत्पादित वस्तु ठूला सहरमा पुऱ्याएर वा ठूला सहरबाट उत्पादित वस्तु ग्रामीण क्षेत्रमा पुऱ्याएर दुवै क्षेत्रको खाद्यसुरक्षाको स्थिति सुधार हुन सक्दछ । ठूला सहरी क्षेत्रले ग्रामीण क्षेत्रबाट आउने कच्चा वस्तुलाई प्रशोधन गरेर यसमा गुणात्मक अभिवृद्धि गरी बजारयन्त्रको माध्यमबाट अन्यत्र वितरण गर्न सक्दछ । नेपालमा यस्ता साना सहर/बजार वृद्धि भए पनि (हेर्नुहोस् Sharma 2003) यसले ग्रामीण विकासमा सहयोग नपुऱ्याएको, खेतीपाती वा खाद्यान्न उत्पादनमा सहायक नभएको तथा यस्ता बजार/सहरले केवल 'परजीवी' प्रवृत्ति देखाएको विभिन्न अध्ययनले देखाएका छन् (Adhikari 2005; Bajracharya 1995) । यस्तो प्रकारको ग्रामीण-सहर सम्बन्धले सहरी क्षेत्रको खाद्यसुरक्षामा पनि नकारात्मक असर पर्दछ ।

नेपालको सहरी क्षेत्रमा देशको जनसङ्ख्याको (सन् २००१ को जनगणनाअनुसार) १६.२ प्रतिशत बसोवास गर्छन् । यो सहरी जनसङ्ख्या प्रतिवर्ष ६.६५ प्रतिशतले बढिरहेको छ । देशको जनसङ्ख्या औसतमा २.१ प्रतिशतले बढिरहेको सन्दर्भमा सहरी जनसङ्ख्या लगभग तीन गुणा बढ्नाले सहरी जनसङ्ख्या ग्रामीण क्षेत्रको तुलनामा क्रमशः वृद्धि हुँदै जानेछ भन्ने अनुमान गर्न सकिन्छ । नेपालको सन्दर्भमा विकास र खाद्यसुरक्षाको हिसाबले सहरी क्षेत्र ग्रामीण क्षेत्रभन्दा राम्रो देखिन्छ । जस्तै पाँच वर्ष मुनिका बालबालिकामा दीर्घकालीन कुपोषणको दर सहरमा ३६.६ प्रतिशत छ भने ग्रामीण क्षेत्रमा ५१.५ प्रतिशत । त्यस्तै गरेर बाल मृत्युदर पनि सहरमा गाउँको तुलनामा निकै कम देखिन्छ (तालिका १) । यो स्थिति सरदर रूपमा देखिए पनि सहरको तथ्याङ्कलाई वर्गअनुसार विश्लेषण गरेमा सहरमा पनि 'कम आम्दानी' हुने र 'गरिब'हरूको स्वास्थ्यसम्बन्धी तथ्याङ्क डरलाग्दो देखिनेछ, किनभने सहरमा यस्ता वर्गलाई गाउँ-घरमा प्राप्त हुने अनौपचारिक सामाजिक सुरक्षा प्राप्त हुँदैन । गरिबीको रेखामुनि रहेका सहरमा आउने धेरै जनसङ्ख्या एकै ठाउँमा नबस्ने, मौसमअनुसार कामको खोजीमा हिँड्ने आदि कारणले उनीहरू सहरी क्षेत्रको जनसङ्ख्याको तथ्याङ्कभित्र पनि

---

१ यसबारे विस्तृत विश्लेषणका लागि हेर्नुहोस् Sharma (2003: 376) ।

पर्दैनन् । तर महत्त्वपूर्ण तथ्य के हो भने सहरी जनसंख्या द्रुत गतिले बढ्दै गएकाले, सहरी जनसंख्या ग्रामीण जनसंख्याको हाराहारीमा छिट्टै पुग्नेछ । त्यसको एउटा परिणाम सहरको आफ्नो खाद्यवस्तु उत्पादन घट्नेछ । त्यस्तै प्रकारले सहरीकरण बढ्दै जाँदा गरिब परिवारको खाद्यवस्तुमाथिको पहुँच घट्ने सम्भावना बढ्छ । हालसम्म सरकारले सहरी क्षेत्रमा दिँदै आएको सहायता, जुन ग्रामीण क्षेत्रभन्दा बढी नै हुन्छ, जनसंख्याको अनुपात बढ्दा यो सहायता पर्याप्त नहुन सक्छ । नेपाललगायत केही विकासशील देशमा 'ग्रामीण विकास' नै देशको आधार भनेर प्रचार गरिए पनि स्रोतको बाँडफाँट तथा विकासको प्रयास सहरी क्षेत्रमा अझै पनि बढी देखिन्छ (Lipton 1977; Ramachandran 1989) । यसले गर्दा पनि सहरी क्षेत्रको मानवीय विकास सूचकहरू ग्रामीण क्षेत्रको तुलनामा राम्रो देखिएका छन् । तर भविष्यमा यो नहुने सम्भावना बढी देखिन्छ ।

**तालिका १ : नेपालको सहरी र ग्रामीण क्षेत्रबीचको मानवीय विकास सूचकाङ्क र खाद्यसुरक्षासम्बन्धी सूचकाङ्कहरू (सन् २००१ को तथ्याङ्कको आधारमा)**

| क्र.सं. | विकासका सूचाङ्कहरू | सहरी क्षेत्र | ग्रामीण क्षेत्र |
|---|---|---|---|
| १. | मानवीय विकास सूचक | ०.६१६ | ०.४४६ |
| २. | औसत आयु सूचक | ०.६५९ | ०.५९४ |
| ३. | प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (US$) | २,२२४ | १,१६२ |
| ४. | मानवीय गरिबी सूचक | २५.२ | ४२.० |
| ५. | बालबालिकामा दीर्घ कुपोषण (५ वर्ष मुनिका) (प्रतिशत ) | २६.६ | ५१.५ |
| ६. | बालबालिका मृत्युदर (प्रति १००० जीवित जन्ममा) | ५०.१ | ७९.३ |
| ७. | बालबालिका | १६.७ | ३५.४ |
| ८. | केटाकेटी (५ वर्ष मुनि) | ६५.९ | १११.९ |

स्रोतः Sharma (2003) ।

नेपाल जीवनस्तर सर्वेहरूको (सन् १९९५/९६ र २००३/०४) तुलना गर्दा सहरी क्षेत्रमा गरिबी घटेको र ग्रामीण क्षेत्रको तुलनामा निकै कम गरिबी भएको देखा पर्दछ । उदाहरणका लागि सहरी क्षेत्रमा गरिबी ९.६ प्रतिशत छ भने ग्रामीण क्षेत्रमा ३४.६ प्रतिशत । सहरी क्षेत्रमा गत आठ वर्षमा गरिबी ५६ प्रतिशतले घटेको देखिन्छ भने ग्रामीण क्षेत्रमा २० प्रतिशतले । काठमाडौँ सहरमा यो दर जम्मा ३.३ प्रतिशत छ भने अन्य सहरमा १३ प्रतिशत । काठमाडौँको तुलनामा अन्य सहरमा गरिबी घट्ने दर तीव्र छ । यो गरिबी मुख्यतः सम्पूर्ण उपभोगहरूको समायोजन गरेर निकालिएको तथ्याङ्क हो, जसमा घरमा बस्दा लाग्ने भाडा तथा

सरकारी सेवाको उपभोगको पनि हिसाब भएको छ। गरिबी मापनको अर्को तरिका हो खाद्यान्नको उपभोगको आधारमा मात्र निर्भर गर्ने। यसलाई 'खाद्य गरिबी' पनि भनिन्छ। खाद्य गरिबी सूचकसम्बन्धी पनि केही समस्याहरू छन् (जस्तैः खानाको आवश्यकता र प्रकार विभिन्न समूहमा फरक हुन सक्दछ र मूल्य पनि फरक हुन सक्दछ)। तैपनि यसले खानाको उपभोगको स्थिति देखाउन सक्छ। 'खाद्य गरिबी' नेपालमा घटिरहेको देखिन्छ। तर गत आठ वर्षमा काठमाडौंमा भने यो निकै बढेको छ। अन्य सहरी क्षेत्रमा भने यो घटेको छ (तालिका २)।

**तालिका २ : नेपालमा सहरी र ग्रामीण क्षेत्रमा रहेको गरिबी (प्रतिशतमा)**

| क.सं. | क्षेत्र | सम्पूर्ण उपभोग्य गरिबी | | | खाद्यान्न-उपभोग्य गरिबी | | |
|---|---|---|---|---|---|---|---|
| | | १९९५/९६ | २००३/०४ | परिवर्तन(%) | १९९५/९६ | २००३/०४ | परिर्वतन |
| १. | सहरी क्षेत्र | २१.६ | ९.६ | -५६ | - | - | - |
| २. | ग्रामीण क्षेत्र | ४३.३ | ३४.६ | -२० | - | - | - |
| ३. | काठमाडौँ | ४.३ | ३.३ | -२३ | ११.५ | १६.७ | ४६.० |
| ४. | अन्य सहर | ३१.६ | १३.० | -५९ | ३९.८ | २१.२ | -४७.० |
| ५. | नेपाल | ४१.८ | ३०.८ | -२६ | ४७.५ | ३२.४ | -३२.० |

स्रोतः CBS ( 2005c)।

नेपालको बढ्दो सहरीकरणको प्रभाव देशको गरिबी घट्ने कारणमध्ये एक मानिन्छ। सहरमा मानिसहरूको बसाइँसराइ भएर वा ग्रामीण बजारको जनसङ्ख्या र जनघनत्व बढ्न जाँदा आय वा रोजगारका अवसर बढेर गरिबी निवारणमा सहयोग पुगेको नेपाल जीवनस्तर सर्वे सन् २००३/०४ ले देखाएको छ। यसको परिणाम आम्दानीको स्रोतहरूको संरचनामा पनि देखिन्छ। जस्तै अहिले गैरकृषि आम्दानी सहरी क्षेत्रमा मात्र नभई ग्रामीण क्षेत्रमा पनि महत्त्वपूर्ण भएको छ। काठमाडौंका घर परिवारमध्ये ७० प्रतिशतले गैरकृषि पेसाबाट ज्याला पाउने र ४३ प्रतिशतले गैरकृषि व्यवसायबाट आम्दानी लिने देखिन्छ। अन्य सहरी क्षेत्रमा यो प्रवृत्ति क्रमशः ५० प्रतिशत र ४१ प्रतिशत परिवारमा देखिन्छ (तालिका ३)। नेपालभरिकै हिसाबमा यो तथ्याङ्क क्रमशः ४१ प्रतिशत र २६ प्रतिशत छ। यसबाट काठमाडौंबाहेक अन्य सहरी क्षेत्र र ग्रामीण क्षेत्रमा विशेषतः त्यति टड्कारो फरक देखिँदैन। यसको अर्थ हुन्छ काठमाडौंबाहेक अन्य सहरी क्षेत्रले ग्रामीण चरित्र पनि बोकेका छन् भने ग्रामीण क्षेत्रले पनि केही सहरी चरित्र बोकेको छ, मुख्यतः पेसागत संरचनाको आधारमा।

तालिका ३ : गैरकृषि आय स्रोतमा निर्भरता (प्रतिशत घरधुरी) मा

| क्र.सं. | | गैरकृषि ज्याला लिने घरधुरी | | | गैरकृषि उद्यममा निर्भर घरधुरी | | |
|---|---|---|---|---|---|---|---|
| | | १९९५/९६ | २००३/०४ | परिवर्तित % | १९९५/९६ | २००३/०४ | परिवर्तित % |
| १. | सहरी क्षेत्र | | | | | | |
| | काठमाडौं | ६७ | ७० | ५ | ३९ | ४३ | ८ |
| | अन्य सहर | ४८ | ५० | ४ | ३६ | ४१ | १३ |
| २. | ग्रामीण क्षेत्र | | | | | | |
| | पश्चिम पहाड | ३६ | ३८ | ३ | १८ | १८ | २ |
| | पूर्वी पहाड | ४१ | ३७ | -९ | १६ | २५ | ६१ |
| | पश्चिम तराई | ३२ | ४३ | ३६ | १७ | १९ | १३ |
| | पूर्वी तराई | ३० | ३७ | २३ | २७ | २६ | -४ |
| ३. | नेपाल | ३६ | ४१ | १४ | २१ | २६ | २१ |

स्रोत: CBS ( 2005c)।

माथि उल्लिखित सहरी क्षेत्रको 'गरिबी' सम्बन्धी छलफलबाट खाद्य-सुरक्षाको स्थितिसम्बन्धी केही जानकारी प्राप्त भए पनि खाद्यसुरक्षा भन्ने बित्तिकै गरिबी सँगसँगै अन्य पक्षहरू पनि उत्तिकै महत्त्वपूर्ण हुन्छन्। तैपनि सहरीकरण र गरिबीको स्थितिले खाद्यसुरक्षाको स्थिति आँकलन गर्न भने सजिलो पुऱ्याउँछ। नेपालको सहरी क्षेत्रको खाद्यसुरक्षाको स्थिति बुझ्न खाद्यसुरक्षासम्बन्धी केही सैद्धान्तिक पक्षको बहस हुनु आवश्यक हुन्छ। यस बहसपछि काठमाडौं सहरको उदाहरण लिएर नेपालको सहरी सन्दर्भमा खाद्यसुरक्षाको विश्लेषण गरिएको छ।

## खाद्यसुरक्षा : केही सैद्धान्तिक बहस

खाद्यसुरक्षालाई विभिन्न दृष्टिकोणबाट बुझिएको छ। साधारण अर्थमा खाद्यसुरक्षा भनेको भोकमरी वा खानाको चिन्ताबाट प्रत्येक मानिस चिन्तामुक्त हुनुलाई मान्न सकिन्छ। तर यो चिन्तामुक्त अवस्था सिर्जना गर्न धेरै प्राविधिक (कृषि उत्पादन) र राजनीतिक-आर्थिक व्यवस्था जोडिएको हुन्छ, जसको सहयोगमा प्रत्येक व्यक्ति, किसान वा गैरकृषि पेसेवरले आफूलाई उपयुक्त हुने खाना दिगो रूपमा प्राप्त गर्न सकोस्।

खाद्यसुरक्षालाई बुझ्न विभिन्न प्रयास भए पनि यी प्रयास वा परिभाषा परिभाषित गर्ने संस्था वा व्यक्तिलाई राजनीतिक-आर्थिक सिद्धान्तले निर्देशित गरेको अनुभव हुन्छ। जस्तो कि विकसित देश तथा ठूला दातृ संस्थाहरू जस्तै विश्व बैंक तथा एफएओले खाद्यसुरक्षालाई सीधै बजारसँग जोडेर खुला बजारबाटै खाद्यसुरक्षा उपलब्ध गर्न सहयोग पुग्छ भन्छन् भने धेरैजसो नागरिक समाज, गैर-सरकारी संस्था तथा

विकासशील देशहरू बजारबाट मात्र खाद्यसुरक्षा प्राप्त हुँदैन भन्ने गर्छन् । तैपनि अहिले धेरै संस्थाले एफएओले सन् १९९६ को विश्व खाद्य शिखर सम्मेलनमा दिएको खाद्यसुरक्षाको परिभाषालाई नै आधिकारिक मान्छन् । यो परिभाषाअनुसार खाद्यसुरक्षा भनेको "खाद्यवस्तु सधैं उपलब्ध हुने र सबै व्यक्तिसँग उक्त खाद्यवस्तु माथिको पहुँच हुने अवस्था हो" । खाद्यवस्तु मात्रामा, गुणमा र विविधतामा पोषणको हिसाबले उपयुक्त, पर्याप्त र संस्कृति अनुरूपको हुनु पर्दछ (http://www.fao.org) ।

उपरोक्त परिभाषाअनुसार खाद्यसुरक्षाका चार प्रमुख पक्ष छन् । ती खाद्यवस्तुको उपलब्धता, पहुँच, स्वीकार्यता तथा पर्याप्तता ।

**उपलब्धता :** खाद्यवस्तुको उपलब्धताले कुनै व्यक्तिले आफ्नो जमीनमा आधारित वा अन्य प्राकृतिक स्रोतमा आधारित भएर आफ्नो खाना उत्पादन गर्नु वा बजारको माध्यम (वितरण, प्रशोधन र व्यापार) बाट उपलब्ध गर्नुलाई जनाउँछ । अर्को शब्दमा भन्ने हो भने खाद्यवस्तु भौतिक रूपमा नजिक हुनुलाई उपलब्धता भन्न सकिन्छ । तर यसरी उपलब्ध हुँदैमा सबैले यसलाई प्रयोग गर्न पाउँछन् भन्ने होइन । उदाहरणका लागि नेपाल गत केही वर्षबाहेक आफूलाई खान पर्याप्त हुने खाद्यान्न उत्पादन गर्न सक्षम थियो, तर खाद्य असुरक्षाको स्थिति पहिलेदेखि नै कायमै छ । एउटै परिवारमा पनि प्रशस्त खानेकुरा हुँदैमा सबै सदस्यले प्रशस्त खाना पाउँछन् भन्न सकिँदैन, किनभने यसमा कसले नियन्त्रण गर्दछन् भन्ने कुरा प्रमुख हुन पुग्दछ ।

**पहुँच :** पहुँचले साधारणतः कुनै व्यक्तिले खाद्यवस्तुलाई आफ्नो प्रयोगमा लगाउन सक्ने क्षमतालाई बुझाउँछ । आफूद्वारा उत्पादित खाद्यवस्तु भएमा त्यसमाथिको नियन्त्रण र किन्नु/साटफेर गर्नुपर्ने भएमा त्यो किन्न वा साटफेर गर्न आवश्यक पर्ने क्रयशक्तिले पहुँच निर्धारण गर्दछ । त्यस्तै प्रकारले सामाजिक सम्बन्ध वा शक्तिद्वारा पनि पहुँच प्राप्त हुन सक्दछ । जस्तै : नातागोतालाई सहयोग गर्नुपर्ने सामाजिक बाध्यताको कारणबाट पनि खाद्यवस्तुमाथिको पहुँच प्राप्त हुन सक्दछ ।

अमर्त्य सेन (1981) भन्छन्, "प्राप्यता र स्वामित्वले कुनै एक व्यक्तिको खाद्यवस्तु माथिको पहुँचलाई निर्धारण गर्दछ । खाद्यवस्तु बजारमा उपलब्ध हुँदैमा त्यसमा पहुँच प्राप्त हुँदैन । त्यसकारण त्यस्तो खाद्यवस्तुमा पहुँच पुऱ्याउन स्रोतहरूको मुहानमाथि स्वामित्व वा नियन्त्रण हुनु पर्दछ । जस्तै : जमीन, पुँजी, प्रविधि, सीप भण्डार तथा आम्दानी आदि ।" केही समयपछि सेनले सामाजिक सम्बन्ध र बाध्यताहरूलाई समेट्न विस्तृत स्वामित्व/नियन्त्रणको अवधारणा अगाडि ल्याएका थिए ।

खाद्यवस्तु उत्पादन नगर्ने वा उत्पादित खाद्यवस्तुमा नियन्त्रण नराख्ने व्यक्तिहरूले खाद्यवस्तुमाथि पहुँच पाउन मुख्यत: साटफेरमाथिको स्वामित्व/नियन्त्रण प्राप्त गर्नु पर्दछ वा सामाजिक सम्बन्धको वा शक्तिको फाइदा उठाउन सक्नु पर्दछ। साटफेर माथिको स्वामित्व/नियन्त्रण प्राप्त गर्न आय आर्जनका अवसरहरू प्राप्त हुनु पर्दछ र ज्यालादर आवश्यक खाद्यवस्तुको मूल्य तिर्न सक्ने तथा यस्तो मूल्यमा वृद्धि हुँदा कम्तीमा सोही अनुपातमा ज्यालादरमा वृद्धि हुनु पर्दछ।

सहरी र ग्रामीण क्षेत्रको खाद्यसुरक्षामा मुख्यत: पहुँचमाथि निकै भिन्नता पाइन्छ। सहरी क्षेत्रमा उत्पादन र बृहत्तर स्वामित्व नियन्त्रण दुवैमा मुख्य: गाह्रो हुन्छ। सहरी क्षेत्रका बासिन्दाले मुख्यत: खेतीपाती नगर्नाले उनीहरूको उत्पादन स्वामित्व/नियन्त्रण हुँदैन र यो तरिकाबाट खाद्यसुरक्षा उपलब्ध हुँदैन। तैपनि सहरी र सीमान्त सहरी क्षेत्रमा खेतीपाती सुरु गरेर खाद्यसुरक्षा अभिवृद्धि गर्ने अवधारणा पनि हालसालै आएको छ। साधारणत: सहरी क्षेत्रमा खाद्यान्न उत्पादन गरेर खाद्यसुरक्षा पूर्ण रूपमा उपलब्ध गराउन नसकिने मान्यता राख्न सकिन्छ। अनौपचारिक सामाजिक सुरक्षाका विभिन्न पक्षहरू पनि सहरी क्षेत्रमा कमजोर नै हुन्छन्। सहरमा साधारणत: विविधता पाइन्छ। यहाँ एक आपसको सम्बन्ध कमजोर रहने हुँदा समुदाय र सामुदायिक भावना कम हुन्छ, जसले गर्दा बृहत्तर स्वामित्व/नियन्त्रण कमजोर हुन्छ। सहरी क्षेत्रमा खाद्यसुरक्षा उपलब्ध गराउने स्रोत साटफेर गरेर खाद्यवस्तु प्राप्त गर्न आम्दानीलाई उपयोग गरिन्छ। यस कारण सहरी क्षेत्रमा रोजगारी प्राप्त गर्नु महत्त्वपूर्ण हुन्छ र त्यसको साथै खाद्यवस्तुको भौतिक उपलब्धता पनि अत्यावश्यक पर्दछ। सरकारी तथा गैरसरकारी तवरबाट पुऱ्याउने सहायता र सहुलियतले पनि सकारात्मक भूमिका खेल्दछ, जसलाई बृहत्तर स्वामित्व/नियन्त्रणभित्र पनि राख्न सकिन्छ। तर नेपाललगायत अन्य विकासशील देशमा सन् १९८० को मध्यपछि र विशेष गरी सन् १९९० देखि संरचनात्मक समायोजन कार्यक्रमले गर्दा र नवउदारवादी नीतिको व्यापकताले गर्दा यस्ता सुविधाहरूमा कटौती गरिएका छन् (Adhikari and Bohle 1999a; 1999b)।

**स्वीकार्यता :** उपलब्ध तथा पहुँचमा भएको खाद्यान्न व्यक्तिको स्वीकार्यता भित्र पनि पर्नु पर्दछ। यो खाद्यसुरक्षाको अर्को पक्ष हो। यस्तो स्वीकार्यता उनीहरूको धार्मिक, सामाजिक, सांस्कृतिक तथा स्वास्थ्य/पोषणको आवश्यकताअनुसार पनि हुनु पर्दछ। खाना एउटा भौतिक वस्तु मात्र नभएर यो एउटा प्रतीकात्मक र भावनाको प्रतीक पनि हुन्छ। यी आवश्यकतालाई पनि ध्यान दिनु पर्ने हुन्छ। यस्तै प्रकारले सामाजिक र पर्यावरणसम्बन्धी नागरिकको चासो पनि उत्तिकै महत्त्वपूर्ण

हुन्छ । उनीहरूले चाहेको सूचना र खाद्य प्रणालीअनुसार पनि खाद्यवस्तु उपलब्ध हुनु पर्दछ ।

**पर्याप्तता :** खाद्यवस्तुको उपलब्धता वा पहुँच क्षणिक होइन दिगो हुनुपर्छ । त्यसै कारण एउटा दिगो खाद्य प्रणाली (जसअन्तर्गत उत्पादन, वितरण, प्रशोधन, उपभोग, फोहोरको व्यवस्थापन आदि पर्दछन्) को आवश्यकता पर्छ, जसले खाद्यवस्तुसम्बन्धी आधारभूत आवश्यकता पूरा गरोस् । यो आवश्यकता व्यक्ति, घर परिवार, देश तथा अन्तर्राष्ट्रिय प्रत्येक तहमा पूरा हुनुपर्छ ।

यी चार पक्षबाट मात्रै खाद्यसुरक्षा बुझ्न नसकिने ठहर धेरैको छ । यो बुझ्न थप दुई पक्ष खाद्यवस्तुको प्रयोग क्षमता तथा जोखिमता समेत आवश्यक पर्ने मान्यता पनि छ (WFP 2001) ।

**प्रयोग क्षमता :** यसले खाद्यवस्तुलाई शारीरिक प्रयोगमा लगाउने क्षमतालाई बुझाउँछ । कुनै पनि खाद्यवस्तु शरीरमा राम्रोसँग उपयोग गर्न अन्य अत्यावश्यक अवस्थाहरू वा सेवाहरू आवश्यक पर्छन् । जस्तै राम्रो स्वास्थ्य, सफा पानी, स्वच्छ वातावरण आदि । यी वस्तुहरूलाई पनि खाद्यवस्तुसँगै उपलब्ध गराउनुपर्ने हुन्छ । अहिले खाद्यसुरक्षाअन्तर्गत खाद्यवस्तुको सुरक्षित पक्षलाई पनि महत्त्वपूर्ण मानिन्छ । हामीले खाने खाद्यवस्तु स्वास्थ्यको हिसाबमा कति सुरक्षित छ त ? बजारमा आउने नयाँ खाद्यवस्तु र पेय पदार्थले स्वास्थ्यमा कस्तो असर पार्दछ ? खाद्यवस्तुको सुरक्षापन जाँच्ने र असुरक्षित खाद्यवस्तु हटाउने सरकारी (राज्यको) नीति, नियम तथा संरचना कस्तो छ ? गरिब देशहरूमा बजारमा आउने नयाँनयाँ खाद्यवस्तु र पेय पदार्थको जाँच गर्ने क्षमता (प्राविधिक, आर्थिक र संस्थागत) कम छ । उनीहरूले साधारणतः विकसित देशबाट प्राप्त हुने नयाँ खाद्यवस्तुको उपयोगिताका हानिबारे छुट्ट्याउन सक्ने क्षमता राख्दैनन् । उदाहरणका लागि आनुवंशिक परिवर्तित खाद्यवस्तु (आपखा) लाई नै लिऊँ । अहिले नेपाललगायत अन्य गरिब देशका बजारमा आउने कुन खाद्यवस्तु आपखा हो वा होइन छुट्ट्याउन गाह्रो छ । त्यस्तै प्रकारले अन्य उद्योग-प्रशोधित खाद्यवस्तुमा कस्तो रसायन छ, खानयोग्य छ वा छैन आदि छुट्ट्याउन गाह्रो हुन्छ । कुनै कुनै अवस्थामा यस्तो कुरा पत्ता लागे पनि राजनीतिक दबाब तथा आर्थिक प्रलोभनको कारणले असुरक्षित खाद्यवस्तु पनि आयात गरिएको हुन्छ ।

**जोखिमता :** खाद्यसुरक्षामा जोखिम बढाउन विभिन्न कारकहरूलाई पनि ध्यान दिनुपर्छ । जोखिमको प्रभाव कम गर्ने र यसबाट पर्ने हानिलाई ग्रहण गरी

पुनर्स्थापना गर्ने क्षमता बढाउनु पर्छ । जोखिम बढाउने कारकहरू विभिन्न हुन सक्छन्, जस्तै वातावरणीय ह्रास, प्राकृतिक प्रकोप, बजारको असफलता आदि । गरिब परिवारहरूमा यस्ता जोखिमबाट बच्ने र पीडित भएमा पुनर्स्थापित हुने क्षमता कम हुन्छ । यस्तो अवस्थामा सरकारी सहयोग (जस्तैः खाद्यवस्तुको वितरण, कुपन वा रासन कार्डको व्यवस्था, सामाजिक सुरक्षाको व्यवस्था आदि) आवश्यक पर्दछ ।

सहरी क्षेत्रमा गरिबी (ग्रामीण क्षेत्रको तुलनामा) कम भए पनि उनीहरूको खाद्य असुरक्षामा हुने जोखिम बढी हुन्छ । यो जोखिमता बढी हुनुमा दुई मुख्य कारण छन् । प्रथमतः उनीहरू बजारमा बढी निर्भर हुनु पर्दछ । विशेष गरी विकासशील देशहरूमा बजार विफल हुने प्रशस्त सम्भावनाहरू हुन्छन् । धेरै सहरका बासिन्दाको 'आफ्नै उत्पादनले' खाद्यसुरक्षाको सानो पनि अंश पूरा हुँदैन । यसकारण उनीहरू खाद्यसुरक्षाका लागि बजारमा नै निर्भर हुन्छन् । तर बजारमा मात्र निर्भर हुँदा जोखिममा पर्ने सम्भावना बढी हुन्छ । कृत्रिम मूल्य वृद्धि, व्यापारीको कुनियत, सरकारी क्षेत्रमा हुने घुसखोरी आदि सबैले खाद्यवस्तुको उपलब्धता र पहुँचलाई नकारात्मक प्रभाव पारेको हुन्छ र खाद्य असुरक्षा बढाउँछ ।

सहरी क्षेत्रमा खाद्य असुरक्षाको जोखिम बढी हुने अर्को कारण सामाजिक सुरक्षा कम हुनु हो । ग्रामीण क्षेत्रमा अनौपचारिक सामाजिक सुरक्षाका विभिन्न उपाय हुन्छन् जुन सांस्कृतिक चलनसँग पनि जोडिएको हुन्छ । खाद्यवस्तु नहुँदा वा दुःख पर्दा नाता सम्बन्ध भएकालाई सहयोग गर्नुपर्ने बाध्यता पनि हुन्छ । नेपालको नेवार जातिमा, जुन मुख्यतः सहरमा बसेका छन्, सांस्कृतिक तवरले त्यस्तो सहयोग गर्नु पर्दछ । तर नयाँ बसेका सहरहरूमा प्रायः नयाँ वा नचिनेको व्यक्तिहरू समावेश हुने हुँदा एक आपसमा सहयोगको प्रचलन कम हुन्छ । तथापि बाध्यताको कारणबाट यहाँ पनि सहयोगी समूहहरू हुन्छन् । यी संस्कृतिसँग नजोडिएका तर बाँच्नका लागि बनेका बाध्यात्मक समूहहरू हुन् ।

घरपरिवारको खाद्यसुरक्षाको दृष्टिकोणलाई मात्र ध्यानमा राख्दा सम्पत्तिको स्वामित्व पनि महत्त्वपूर्ण हुन्छ । यस्ता सम्पत्ति वा पुँजी मुख्यतः पाँच प्रकारका हुन्छन्– प्राकृतिक, भौतिक, मानवीय, आर्थिक तथा सामाजिक । गरिब परिवारका लागि भने मानवीय वा व्यक्तिगत पुँजी महत्त्वपूर्ण हुन्छ । यसको अर्थ त्यो सम्पत्ति (मानवीय) जगेर्ना गर्न स्वास्थ्य र समुन्नति आवश्यक पर्दछ । अधिकारी र बोले (सन् 1999) को अध्ययनले पनि व्यक्तिगत क्षमता (स्वास्थ्य, सीप, बलियोपना) ले ग्रामीण परिवार (जहाँ जमीन कम मात्र हैन, अप्ठ्यारो पनि छ) को खाद्यसुरक्षालाई

असर पारेको देखिन्छ । सहरी सन्दर्भमा पनि यो निष्कर्ष उत्तिकै लागू हुनसक्छ । सहरमा पनि गरिबहरूको अन्य सम्पत्ति हुँदैन । त्यसकारण व्यक्तिगत सम्पत्ति भएमा र काम उपलब्ध भएमा उनीहरूले खाद्यवस्तु किनेर प्रयोग गर्न सक्छन् । तर यसका लागि आर्थिक र सामाजिक वातावरण राम्रो हुनु पर्दछ जसले गर्दा उनीहरूले खाद्यवस्तु सजिलै प्राप्त गर्न सक्छन् ।

लैङ्गिक विभेद, खाद्य शृङ्खलामा नियन्त्रण, उपभोगको चलन वा प्रवृत्तिमा आएको परिवर्तन, मिडिया र खाद्य-उत्पादन र प्रशोधनको 'साझा ज्ञान' को भण्डार हराउँदै जानु खाद्यसुरक्षालाई प्रभाव पार्ने अन्य कारकहरूमध्ये पर्छन् । महिलाहरूले परम्परागत चलनमा परिवारको खानासम्बन्धी जिम्मा लिने थिए र उनीहरूलाई खाना उत्पादन गर्नेदेखि लिएर प्रशोधनको ज्ञान थियो । सहरीकरण र आधुनिकीकरणको प्रभावबाट विकसित र प्रचारित आधुनिक ज्ञान र प्रविधिको प्रभुत्त्व बढेपछि त्यस्तो परम्परागत ज्ञान हराउँदै गएको छ । खाद्य 'संस्कृति' सम्बन्धमा नेपालको सहरी क्षेत्रमा एउटा परम्परागत र आधुनिकताको सम्मिश्रण देखिन्छ । यसबारे मार्क लिट्टीले काठमाडौंको सहरीकरणले गर्दा खाना संस्कृतिमा आएको परिवर्तनको अध्ययन गरेका छन् जसले घर-बाहिरी समाजमा परिवर्तन आएको तर घरभित्र भने परम्पराअनुसार नै धेरै काम भएको निष्कर्ष निकालेका छन् । यी परिवर्तनले महिलाको भूमिकामा पनि परिवर्तन भएको छ (Liechty 2005: 3) । तर साधरणतः यसले उनीहरूको कार्यबोझ झन् बढाएको प्रतीत हुन्छ ।

सहरी क्षेत्रमा महिला र पुरुष दुवै घर बाहिरको काममा जानुपर्ने बाध्यताले गर्दा उनीहरूको खाद्यवस्तु लगभग तयारी अवस्थामा किन्नुपर्ने बाध्यता हुन सक्दछ । सहरी क्षेत्रमा तयारी खाद्यवस्तुको खपत बढी हुने गर्छ । यस्तै गरेर खाद्यवस्तुको घरायसी प्रशोधन गर्ने कार्य पनि ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रमा कम हुँदै जान्छ । यसले गर्दा यस्तो कार्यमा प्रयोग हुने ज्ञान पनि धेरै व्यक्तिबाट हराउन जान्छ र केही विशेषज्ञहरूमा सीमित हुन पुग्छ ।

खाद्य शृङ्खलाको[२] नियन्त्रण बिस्तारै ठूला कम्पनी र बहुराष्ट्रिय निगमहरूमा सरिरहेको छ । खाद्यवस्तुको उत्पादन, प्रशोधनलगायत वितरणमा समेत यस्ता कम्पनीको भूमिका बढिरहेको छ । नेपालमा यस्ता बहुराष्ट्रिय कम्पनीको उपस्थिति

---

[२] खाद्य शृङ्खला भन्नाले खाद्यवस्तुले यसको उत्पादन प्रक्रियादेखि उपभोगसम्मको दौरानमा लिने मार्गलाई जनाउँछ । यसभित्र उत्पादन, प्रशोधन, बजारीकरण वा वितरण र उपभोग पर्दछन् । खाद्य शृङ्खला पहिला कृषक तथा साना तर धेरै सङ्ख्यामा रहेका व्यापारी/उद्योगीहरूको नियन्त्रणमा हुन्थ्यो भने अहिले यसको नियन्त्रण मुख्यतः बहुराष्ट्रिय कम्पनीहरूले गरिरहेका छन् र यो प्रक्रिया बढ्दै गएको छ । यसबाट साधारणतः सहरी क्षेत्रमा खाद्य सुरक्षामा नकारात्मक असर पर्दछ (हेर्नुहोस् अधिकारी र घिमिरे २०६३) ।

कम भए पनि अन्य विभिन्न प्रक्रियामार्फत उनीहरूको खाद्य शृङ्खलामा नियन्त्रण बिस्तारै बढेको देखिन्छ । बहुराष्ट्रिय कम्पनी र मिडियाको कारणबाट खाद्य संस्कृतिमा पनि परिवर्तन आएको छ । यो परिवर्तनले पनि बहुराष्ट्रिय कम्पनी माथिको निर्भरता बढाउँछ (अधिकारी र घिमिरे २०६३) । यस्तो परिवर्तन नेपालको सहरी क्षेत्र विशेष गरी काठमाडौँमा देख्न सकिन्छ (Liechty 2005) ।

## खाद्यसुरक्षालाई असर पार्ने सहरी विशेषताहरू

सहरी क्षेत्रमा खाद्यसुरक्षा उपलब्ध गराउने सन्दर्भमा यसका केही विशेषताहरू पनि ख्याल गर्नुपर्ने हुन्छ । माथि खाद्यसुरक्षाको सैद्धान्तिक छलफलको सन्दर्भमा पनि केही यस्ता विशेषताको व्याख्या गरिएको छ । खाद्यसुरक्षाका विभिन्न पक्षहरू (जस्तै खाद्यवस्तुको उपलब्धता र उपलब्ध गर्ने तरिका, पहुँच, स्वीकार्यता, पर्याप्तता, जोखिमता तथा दिगोपना) लाई ध्यान दिँदा ग्रामीण र सहरी खाद्यसुरक्षामा देखापर्ने फरकलाई यसरी बुझ्न सकिन्छ :

- सहरी क्षेत्रमा खाद्यान्न उपलब्धता मुख्यत: बाहिरबाट आयातको आधारमा हुन्छ, किनभने सहरी क्षेत्रमा खाद्यवस्तु उत्पादन गर्न पर्याप्त जमीन हुँदैन । आफ्नो उत्पादन नहुने भएकाले सहरी क्षेत्रमा खाद्यवस्तुको ढुवानी, भण्डारण तथा वितरणले ठूलो भूमिका खेल्दछ ।
- पहुँचको दृष्टिकोणबाट सहरी क्षेत्रमा साटफेर प्रक्रियाबाट नै पहुँच प्राप्त हुन्छ । यहाँ आफ्नो उत्पादन नहुने भएकाले पहुँच मुख्यत: आम्दानीबाट खाद्यवस्तु खरिद गरेर मात्र प्राप्त हुन्छ । यसकारण रोजगारीको व्यवस्था, ज्यालादर, खाद्यवस्तुको मूल्य र यसको नियन्त्रण, खाद्यवस्तुको गुणस्तर आदि महत्त्वपूर्ण हुन्छ ।
- सामाजिक सम्बन्धबाट प्राप्त हुने सहयोग सहरी क्षेत्रमा कम हुन्छ भने राजनीतिक कारणले गर्दा सरकारको ध्यान यहाँ आकर्षित हुन्छ । तर विभिन्न भौतिक वितरण प्रणाली र सामाजिक कारणले यस्तो सहयोग सहरी गरिबीसमक्ष नपुग्न पनि सक्छ ।
- मिडिया, विज्ञापन तथा फेसनको कारणले गर्दा खाद्य संस्कृतिमा छिटो परिवर्तन हुने तथा हाल पश्चिमी खानाको प्रभाव बढेको देखिन्छ ।
- अनौपचारिक क्षेत्रको भूमिका गरिब र कम आय भएका व्यक्ति/परिवारलाई धेरै हुने देखिन्छ । अनौपचारिक क्षेत्रले उनीहरूलाई केही न केही आम्दानी वा जीविकोपार्जनमा सहयोग पुऱ्याएको छ । खाद्य क्षेत्रमा यसको ज्वलन्त उदाहरण 'सडक खाना' मा देखिन्छ । यसले गरिबमा वा कम आय भएका

परिवारलाई खाद्यवस्तुमाथिको पहुँचमा सजिलोपन ल्याएको छ। तैपनि यसबाट सुरक्षित खाद्यवस्तु पाइँदैन भन्ने तर्क पनि गरिन्छ। यस्तो सडक खानाको प्रचलनले धेरै महिला, बूढाबूढी तथा अन्य कडा काम गर्न नसक्नेलाई पनि रोजगार दिएको छ।[३]

- सहरी क्षेत्रको खाद्य प्रणाली एकदमै जटिल सामाजिक/आर्थिक कारकहरू, प्रक्रियाहरू र संरचनाहरूको अन्तरसम्बन्ध र अन्तरनिर्भरताले बनेको हुन्छ। खाद्यवस्तु सहरी क्षेत्रमा पुऱ्याउन र विभिन्न व्यक्ति/समूहको पहुँचमा पुऱ्याउन खाद्य प्रणालीले भूमिका खेलेको हुन्छ। तर यसका विभिन्न अवयवहरूको सम्बन्धले गर्दा सहरी क्षेत्रको स्थानीय खाद्य प्रणाली ग्रामीण क्षेत्रको खाद्य प्रणालीसँग पनि जोडिएको हुन्छ भने यो अन्तर्राष्ट्रिय बजारसँग पनि उत्तिकै जोडिएको हुन्छ। उदाहरणका लागि काठमाडौँको खाद्य प्रणालीलाई लिन सकिन्छ जुन वास्तवमा देशभित्रकै खाद्य प्रणालीसँग पनि जोडिएको छ भने विश्व बजारसँग पनि उत्तिकै जोडिएको छ। यो प्रक्रिया पोखरामा पनि प्रस्ट देख्न सकिन्छ (Adhikari 2000)। यसकारण स्थानीय ग्रामीण सहरी सम्बन्ध र स्थानीय विश्व सम्बन्धलाई ध्यान नदिई सहरी खाद्यसुरक्षाको अध्ययन गर्न सकिँदैन। बढ्दो विश्वव्यापीकरणको सन्दर्भमा त यो अझै टड्कारो रूपमा देखिन थालेको छ।
- सहरी क्षेत्रको जनसङ्ख्या र भौतिक क्षेत्रफलमा द्रुत वृद्धि भएको छ। सहरीकरणले गर्दा र जनघनत्व वृद्धि हुँदै जाँदा सहरको खेतीयोग्य जग्गा क्रमशः कम हुँदै गएको छ। साधारणतः खेतीयोग्य जग्गा भवन निर्माण तथा भौतिक संरचनाहरूमा प्रयोग भएको छ। वायु, माटो, पानी, प्रदूषण बढ्दै गएको छ। वातावरणीय ह्रास भएकोले स्थानीय खाद्य उत्पादनलाई नराम्ररी प्रभाव पारेको हुन्छ।
- सहरी क्षेत्रमा खाद्यवस्तुमाथिको पहुँच पनि एकदमै असमान छ र यो असमानता बढिरहेको छ। गरिबहरूको सहरमा हुने बसाइँसराइ तथा उनीहरूको रोजगारीमा देखिने अनियमितता र कम आयका कारण सहरी गरिबीको पीडा एकदमै बढी हुन्छ। अहिले यी गरिबहरूको समस्याप्रति कम ध्यान दिइएको छ किनभने सहरी क्षेत्रलाई कम गरिब भएको क्षेत्र भनिन्छ। गरिबहरू बसोवास गरेको क्षेत्रमा खाद्यवस्तु वितरणका खुद्रा व्यापारको कम पहुँच हुन्छ। निजी क्षेत्रबाट सञ्चालन हुने व्यापारिक सञ्जाल मुख्यतः धनी इलाकामा खुल्छन्। गरिब बस्तीहरू सहरको खाद्यवस्तु प्राप्त हुने थोक तथा

---

[३] यसबारे थप जानकारीका लागि हेर्नुहोस् यसै पुस्तकमा चिरन मानन्धरको लेख।

खुद्रा बिक्रेता बस्ने ठाउँबाट टाढा हुनुको साथै सुलभ र सस्तो यातायातको सुविधाबाट वञ्चित हुन्छ। परिणाम गरिब परिवारको खाद्यवस्तुमाथिको पहुँच कम हुन सक्दछ।

- सहरी क्षेत्रको विविधता बढिरहेको छ। सहरी क्षेत्रको जनसङ्ख्याको मुख्य स्रोत हो, बसाइँसराइ गरेर आएका नयाँ आगन्तुकहरू। उदाहरणका लागि काठमाडौँ र पोखरामा त जनसङ्ख्या वृद्धिदर प्रतिवर्ष करिब ७ प्रतिशत छ। जबकि यी सहरमा स्थायी बासिन्दाको जनसङ्ख्या वृद्धि अधिकतम प्रतिवर्ष २ प्रतिशतभन्दा बढी नहोला। नयाँ आगन्तुकहरूबीच पनि अधिकतम विविधता देखिन्छ। यसकारण सहरमा वर्ग, लिङ्ग, जातजाति तथा जनसङ्ख्याका विभिन्न समूहको आधारमा सामाजिक, आर्थिक विविधता बढिरहेको छ। यी विविध सांस्कृतिक परिवेशका र आर्थिक हैसियत भएका व्यक्तिहरूले गर्दा खाद्यवस्तुको आवश्यकता, माग र आपूर्ति गर्ने व्यवस्थामा पनि जटिलता र विविधता देखा पर्छ। परम्परागत रूपमा चलिरहेका खाद्य आपूर्ति व्यवस्थाले यी नयाँ मागलाई पूरा गर्न सक्दैनन्। त्यस्तै प्रकारले नयाँ प्रकारका खाद्य आपूर्ति गर्ने व्यवस्था बढ्नेछ जसले पुरानो/परम्परागत खाद्य प्रणालीलाई विस्थापित वा कमजोर बनाउन सक्छ। अहिलेसम्मको अनुभवमा परम्परागत बजार र हाल अवस्थिति खाद्य प्रणालीले यस्तो विविध मागअनुसारको खाद्यवस्तु आपूर्ति गर्न सकिरहेको छैन। साधारणतः गरिब, असहाय (जस्तै बूढाबूढी, केटाकेटी, अपाङ्ग, महिला आदि) र अल्पसङ्ख्यक समूहको रुचि र संस्कृतिअनुरूप खाद्यवस्तु आपूर्ति कम हुन्छ।
- खाद्यवस्तुको वस्तुकरण सहरमा बढिरहेको छ। यसमा बजारको र विश्वव्यापीकरणको[४] भूमिका देखिन्छ। खाद्यवस्तुलाई अन्य भौतिक वस्तु जस्तो ठान्ने र नाफा कमाउने माध्यमको रूपमा लिइएको छ। सहरका धेरैजसो बासिन्दाले आफूले खाने खाद्यवस्तुको उत्पादन कसरी हुन्छ, कहाँ हुन्छ, कसरी ढुवानी हुन्छ, प्रशोधन हुन्छ वा वितरण हुन्छ भन्नेबारे त्यति

---

[४] यहाँ विश्वव्यापीकरण भन्नाले खाद्यवस्तु र खाद्य सुरक्षामा सीधा असर पर्ने भन्दा पनि बृहत्तर आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक प्रभावसमेतलाई हेर्नु आवश्यक पर्दछ। किनभने यी सबै पक्षले खाद्यसुरक्षालाई असर गरेको हुन्छ। यस सम्बन्धमा विश्वव्यापीकरणले सर्वाङ्ग रूपमा विश्व प्रक्रियाका यावत् पक्षहरू जस्तै प्रविधिको रूपान्तरण, सञ्चारले गर्दा ल्याएको एकअर्काप्रतिको निर्भरता, व्यापार र पुँजीको प्रवाह, उत्पादन र उपभोगको एकरूपीकरण र स्तरीकरण, व्यापार र अन्य कर्पोरेट लगानीमा र आयात निर्यातमा विश्व बजारको प्रभुत्व, बजारको विशेष र संस्थागत एकीकरण र बढ्दो पहिचानको आवश्यकतालाई जनाउँछ। त्यस्तै प्रकारले आर्थिक, कानून/नियम, संस्थागत तथा नीतिगत एकीकरणलाई पनि बुझाउँछ (Simai 1997)।

जानकारी राख्दैनन् । सहरमा अहिले विश्व खाद्य प्रणालीबाट आएका वस्तु अधिक देखिन्छ । विभिन्न कारणले स्थानीय रूपमा उत्पादित वस्तुहरू सहरको मुख्य बजार शृङ्खलामा पुग्दैनन् । यिनीहरू महँगा र गुणस्तर नपुगेका ठानिन्छन् । उदाहरणका लागि काठमाडौँमै पनि स्थानीय साना कृषकको उत्पादन त्यहाँ चलिरहेको ठूला व्यापारीबीचको शृङ्खलामा छिर्न गाह्रो हुन्छ । पोखरा र काठमाडौँका ठूला होटल/रेष्टुराँहरूले आफ्नो खाद्यवस्तु बाहिरबाट मगाउँछन् । यसकारण आपूर्तिको दृष्टिकोण अहिले नेपाललगायत विकासशील देशमा ग्रामीण क्षेत्रको कृषि उत्पादन घटेको छ । त्यहाँ सरकारी सहुलियतहरू घटेकोले (मुख्यतः उदारवादी नीति र विदेशी सहयोगको एउटा सर्तअनुसार) खाद्यवस्तु उत्पादन महँगो भएको छ । किसानहरूलाई सहरको कुनै बजारमा उत्पादन आपूर्ति गर्न महँगो हुन्छ र चलिरहेको बजारको शृङ्खलाभित्र पस्न गाह्रो हुन्छ । कतिपय अवस्थामा ग्रामीण क्षेत्रमा उत्पादित वस्तु अन्तर्राष्ट्रिय बजारमा निर्यात गरिन्छ र त्यो वस्तु आफ्नै नजिकको सहरमा पठाइँदैन । साधारणतः अन्तर्राष्ट्रिय बजारमा विकासशील देशले पठाउने खाद्यवस्तुको मूल्य कम भइरहेको छ । उनीहरूले उपभोग गर्नुपर्ने वस्तुहरूका लागि विकसित देशहरूमाथि यी देशहरूको निर्भरता बढेको छ । नेपालको पनि स्थिति लगभग यही दिशातिर गइरहेको छ (अधिकारी र घिमिरे २०६३ : ११) । खाद्यवस्तुको यस प्रकारको अन्तर्राष्ट्रिय स्थितिले नेपाललगायत अन्य विकासशील देशहरूको सहरी क्षेत्रमा खाद्यसुरक्षासम्बन्धी विशेष समस्या पर्ने देखिन्छ ।

सहरी क्षेत्रको खाद्यसुरक्षासम्बन्धी माग पक्षलाई ध्यान दिँदा त्यहाँका गरिब वा मध्यम वर्गले राम्रो गुणस्तरको खानेकुरा किन्न नसक्ने देखिन्छ । सस्तो तर गुणस्तरहीन खानाले गर्दा कुपोषण र अल्प आयुको समस्या विकसित तथा विकासशील देश दुवैका सहरी गरिबहरूले भोग्नु परेको छ । उदारवादी नीतिले यी समस्यालाई अझ बढाएका छन् । आफ्नो पैसाको अवमूल्यन र त्यसको कम क्रयशक्ति, ज्यालादरमा गिरावट (निरपेक्ष रूपमा र वास्तविक मूल्यमा) औपचारिक रोजगारीमा गिरावट, रोजगारीमा अनौपचारिकता, सहरी सेवा सुविधामा दिइने (जस्तै खाद्यवस्तु, घर, यातायात, स्वास्थ्य सेवा आदि) सहुलियतमा कटौती तथा सहरकै थोक तथा खुद्रा खाद्य पसलहरूमा गरिब टोलहरूको कम पहुँच आदि कारणबाट गुणस्तरीय खाद्यवस्तुको मागमा गरिब र मध्यम परिवारबाट गिरावट आएको हुन्छ । गुणस्तरीय खाद्यवस्तुको अभाव वा खाद्य असुरक्षाको एउटा मुख्य परिणाम

> परिवारका व्यक्तिको व्यक्तिगत सम्पत्तिमा ह्रास आउनु हो । तर यस्ता व्यक्तिहरूलाई नै खाद्यसुरक्षाका लागि यही सम्पत्ति महत्त्वपूर्ण हुन्छ । व्यक्तिगत सम्पत्तिमा ह्रास आउँदा त्यस्ता व्यक्तिको स्वास्थ्य कमजोर हुन्छ । सिक्ने र काम गर्ने क्षमता कम हुन्छ र आफ्नो सम्पूर्ण प्रगति गर्ने क्षमता कम हुन्छ । त्यस्ता परिवारहरू खाद्य असुरक्षाको कुचक्रमा फसी नै रहन्छन् ।

माथि उल्लिखित पक्षहरू र सहरको विशेषताहरूलाई ध्यानमा राखेर सहरी खाद्यसुरक्षालाई बुभ्न एक आपसमा सम्बन्ध राख्ने तीनओटा प्रक्रिया आट्किनसनले राखेकी छन् । यसले सहरी क्षेत्रका गरिब बस्तीमा र गरिब परिवारलाई किन खाद्य असुरक्षा भएको छ भन्ने व्याख्या गर्न सजिलो पार्दछ । ती उपलब्धि, प्रक्रिया र परिवेश हुन् । उपलब्धि भन्नाले खाद्यसुरक्षासम्बन्धी कुपोषण र यससँग सम्बन्धित मृत्युदर र बिरामी दर हुन्, जसको आधारमा साधारणत: सहरी क्षेत्रमा खाद्यसुरक्षाको स्थिति कस्तो छ जान्न सकिन्छ । यो उपलब्धि मुख्यत: खाद्यवस्तुको आवश्यकता र यसको उपभोगले निर्धारण गर्दछ । खाद्यवस्तुको उपभोग (जुन खाद्यसुरक्षाको मुख्य आधार/मापन हो) लाई आपूर्ति, पहुँच, सामाजिक व्यवस्था, छनोट/छान्ने मौका र स्वास्थ्यले निर्धारण गर्दछ । यी प्रक्रियामध्ये 'आपूर्ति', 'पहुँच' सहरी गरिब बस्तीमा खाद्यवस्तुको ज्यादा मूल्य र कम क्रयशक्ति भएकोले प्राप्त हुन सक्तैन । सामाजिक व्यवस्थाअन्तर्गत परिवारभित्र हुने विभेद, पुरुषको हातमा हुने आम्दानी घरको अन्य परिवार (जसले नगद आम्दानी गर्दैनन्) लाई नदिने चलन, छनोट प्रक्रियामा मिडिया र विज्ञापनले असर गरी कम पोषणयुक्त खानेकुरा रुचाउने प्रवृत्ति र नयाँ आप्रवासीको सहरी खानासम्बन्धी ज्ञान कम हुनाले र प्रदूषणको प्रभावबाट रोग लाग्ने भएकाले सहरी गरिबको खाद्यसुरक्षा बिग्रँदै गएको छ । अर्कोतर्फ मुख्यत: सहरी जनसङ्ख्याको वृद्धिसँगै रोजगारीमा ह्रास आएकाले तथा सहरी क्षेत्रका कल्याणकारी कार्यक्रमहरूमा कमी आउनाले यस्ता सहरी गरिबहरू बढिरहेका छन् (Atkinson 1995: 152) ।

## सहरी खाद्यसुरक्षाका विभिन्न पक्षहरू

खाद्यसुरक्षासम्बन्धी सैद्धान्तिक बहसबाट पनि सहरी क्षेत्रको खाद्यसुरक्षाका लागि कुन कुन पक्षहरू महत्त्वपूर्ण हुन्छन् भन्ने तथ्य बुभ्न सकिन्छ । सरसर्ती हेर्दा ग्रामीण क्षेत्रमा र देशभरिकै खाद्यसुरक्षाका विभिन्न पक्षहरू सहरी खाद्यसुरक्षासँग मेल खाने वा सान्दर्भिक रहने गर्छन् । किनभने सहर कुनै देशभित्र र ग्रामीण क्षेत्रसँगको अन्तरसम्बन्धको कारणले मात्र खडा भएको हुन्छ । यस्तै प्रकारले पनि विश्वको राजनीतिक-आर्थिक परिवर्तनसँग पनि सहरी खाद्यसुरक्षा सम्बन्धित

हुन्छ । तर ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रका आफ्नै प्रकारका विशेषताहरू भएकोले खाद्यसुरक्षाका विभिन्न पक्षहरूको महत्त्व सहरी क्षेत्रमा पृथक् हुन्छ । त्यस्तै प्रकारले प्रत्येक सहरको पनि आफ्नै विशेषता भएकोले सहरको आकार र सहरीकरणको मात्रा र स्तरको कारण पनि फरक हुन्छ । त्यसकारण खाद्यसुरक्षाको स्थिति र यसका अवयवहरू सहरपिच्छे भिन्न हुन सक्दछ । उदाहरणका लागि मुख्यतः जनघनत्व, भौतिक अवस्थिति, यातायात सञ्चारको पहुँच, ग्रामीण क्षेत्रसँग र बाहिरी संसारसँगको सम्बन्ध, वर्ग/जातीय/विविधता, औद्योगीकरणको स्थिति, मानवीय विकासको स्तर आदि कारणहरूले गर्दा नेपालभित्रै पनि काठमाडौँ र अन्य सहर भनेर चिनिने जस्तै नारायण नगरपालिका (दैलेख) बीच धेरै फरक छ । यी दुई सहरी क्षेत्रबीचको खाद्यसुरक्षालाई असर पर्ने कारणहरू र खाद्यसुरक्षा पुऱ्याउन गरिनुपर्ने प्रयासहरूका प्रकृति वा स्वरूप र मात्रामा फरक हुन सक्दछ । यी भिन्नताका बाबजुद पनि सहरी विशेषतालाई ध्यानमा राखेर सहरी खाद्यसुरक्षाका विभिन्न पक्षको व्याख्या र विश्लेषण गर्ने प्रयास यहाँ गरिएको छ ।

## खाद्यवस्तु उत्पादन

सहरी क्षेत्रमा खाद्यवस्तु उत्पादन हुँदैन वा एकदमै कम हुन्छ । यो सर्वविदितै तथ्य हो । सहरी क्षेत्रले साधारणतः आफ्नो खाद्यवस्तुको आवश्यकताको ठूलो अंश बाहिरी क्षेत्र (कि त आफ्नै देशको ग्रामीण क्षेत्र वा देशबाहिर) बाट आयात गर्दछ । यसरी परनिर्भरता हुँदा कहिलेकाहीँ केही जोखिमहरू सिर्जना हुन सक्दछन् । जस्तै : युद्ध वा अन्य कारणले खाद्यवस्तु भौतिक रूपमै उपलब्ध नहुन सक्दछ भने कतिपय गरिब परिवारले महँगो खाद्यवस्तु खरिद गर्न नसक्ने पनि हुन सक्दछ । यसैलाई दृष्टिगत गरेर सहरी क्षेत्रमा पनि खाद्यवस्तुको उत्पादन बढाउने प्रयासहरू भएका छन् । यी प्रयासहरू सहरलाई 'दिगो सहर' को रूपमा विकास गर्नुपर्ने रणनीतिअनुरूप पर्दछन् ।

दिगो सहरको एउटा पक्ष आफूलाई आवश्यक पर्ने खाद्यवस्तु पनि आफै उत्पादन गर्नु हो । सहरबाट खेर जाने वस्तुहरू (जस्तै फोहोर) लाई प्रयोग गरी खाद्यवस्तुको उत्पादन बढाउन सकिन्छ र एउटा दिगो सहर बनाउन सकिन्छ भन्ने मान्यता छ । अहिले दिगो सहरको योजनामा सहरी कृषिलाई अभिन्न अङ्ग मानिन थालिएको छ । यो विना सहरलाई पर्यावरणीय हिसाबले दिगो बनाउन पनि सकिँदैन भन्ने तर्क राखिन्छ (May and Rogerson 1995: 165) । मे र रोजरसनको भनाइमा दक्षिण अफ्रिकामा रङ्गभेद नीतिले तहसनहस भएका सहरहरूमा पनि सहरको पुनर्निर्माणमा सहरी कृषि बढाउन ध्यान दिइएको छ ।

तर सैद्धान्तिक रूपमा भने सन् १९७२ मा स्टकहोममा भएको विश्व वातावरण र विकास शिखर सम्मेलनले नै दिगो सहरी विकासका लागि सहरी कृषिमा जोड दिएको थियो। तर यहाँ सहरी कृषिलाई सहरी गरिबी घटाउने र उनीहरूको खाद्यसुरक्षामा सहयोग पुऱ्याउने दृष्टिकोणबाट विश्लेषण गरिएको छ।

सहरभित्रका जमीन, पानी र अन्य खालि ठाउँ वा सीमान्त-सहरी क्षेत्रमा खेतीपाती (विशेषत: तरकारी), माछापालन, पशुपालन तथा वनको संरक्षणमार्फत खाद्यवस्तुको उत्पादन बढाउनुको साथै खाद्यसुरक्षाको स्थिति सुदृढ पार्न सकिन्छ भन्ने मान्यताका साथ सहरी-कृषिलाई अगाडि बढाइएको छ। विशेषत: अफ्रिकी सहरहरू र खास गरी दक्षिण अफ्रिकी देशमा यस्तो पाइन्छ (May and Rogerson 1995; Lourenco-Lindell 1995; Thaman 1995; Atkinson 1995)। सहरी कृषिको माध्यमबाट सहरभित्र खाद्यवस्तुको उपलब्धता बढाउन सकिने, ताजा खाद्यवस्तु प्राप्त हुने तथा गरिब समूह विशेष गरी महिलालाई आम्दानीको एउटा बाटो हुने, जसले गर्दा उनीहरूले अन्य खाद्यवस्तु खरिद गरी आफ्नो खाद्यसुरक्षा पूरा गर्न सहयोग पुग्नेछ। तर यो रणनीतिका पनि आफ्नै सफलता र असफलताहरू छन्। सहरी समस्या जस्तै पानीको अभाव, जमीनको अभाव, गरिब परिवारसँग कम ठाउँमा वा कुनै संरचनामाथि (जस्तै घरको छत) खेती गर्ने प्रविधिको अभाव मुख्य समस्याको रूपमा देखिएका छन्। यसमाथि पनि पानी, हावा तथा जमीनको प्रदूषणले गर्दा यहाँ उत्पादित वस्तु पनि प्रदूषित हुने सम्भावना बढ्छ, जसले गर्दा खेती गर्ने व्यक्ति तथा उपभोक्ताको स्वास्थ्यमा नराम्रो असर पर्न सक्छ। त्यस्तै प्रकारले सहरमा बाक्लो बस्ती भएकोले र ठूला ठाउँ कम भएकोले बस्तीसँगै पशुपालन, माछापालन वा रासायनिक पदार्थ प्रयोग गरी खेती गर्दा वातावरण प्रदूषण हुने र मानिसहरूलाई रोग लाग्ने सम्भावना पनि हुन्छ।

सहरी क्षेत्रमा रूख बिरुवा रोप्ने, हरित क्षेत्र बनाउने र बगैँचा बनाउनेसमेत सहरी योजनाभित्र पर्दछन्। साधारणत: सहरी दृश्य राम्रो बनाउन पनि यसो गरिन्छ। यस्तो योजना गर्दा पनि खाद्यसुरक्षाका केही पक्षहरू समावेश गर्न सकिन्छ। जस्तै : कुन रुख छान्ने भन्ने निर्णयमा फलफूलका रुख रोप्न सकिन्छ, जसले अरू सुविधासँगै फलफूल पनि दिन सक्दछ। यस्ता फलफूल गरिब परिवारले प्रयोग गर्न सक्छन्। यी रुखहरूले ढाकेको क्षेत्रमा गरिब परिवारहरूले खेती गर्न पनि सक्छन्। तर केही समययता सहरमा यस्ता रुखभन्दा राम्रो फूल फुल्ने रुख बिरुवाले प्रश्रय पाएका छन्। त्यसमा पनि विदेशबाट ल्याइएका रुख-बिरुवाले।

## खाद्यवस्तुको आपूर्ति र वितरण

सहरमा खाद्यसुरक्षाको महत्त्वपूर्ण पक्ष हो खाद्यवस्तुको आपूर्ति र वितरण। सहरमा खाद्यवस्तु प्रचुर वा आवश्यक मात्रामा उत्पादन नहुने भएकोले यी वस्तु देशको ग्रामीण क्षेत्र वा विदेशबाट आयात गर्नु पर्दछ। सहरसम्म यी वस्तुहरू सुरक्षित रूपमा पठाउनु पर्दछ र सहरभित्र वितरण राम्रो हुनु पर्दछ। सहरका बासिन्दाको खाद्यसुरक्षा मुख्यतः दुई कुरामा निर्भर गर्दछ। एक त आम्दानी यथेष्ट र सुनिश्चत हुनु पर्दछ भने अर्को खाद्यवस्तुको मूल्य कम हुनु पर्दछ। सहरी क्षेत्रमा व्यक्तिले आफ्ना खाद्यवस्तु उत्पादन गर्ने नभएकोले र आम्दानीलाई प्रयोग गरी यस्ता वस्तु किन्न पर्ने भएकोले 'खाद्यसुरक्षा' लाई 'आय सुरक्षा' सँग पनि गाँसिन्छ। अर्को पक्ष भनेको खाद्यवस्तुको मूल्य एकनास र कम हुनु पर्दछ। यसका लागि खाद्यवस्तुको बजार व्यवस्था छिटो छरितो र कम खर्चिलो हुनु पर्दछ। राम्रो बजार व्यवस्थाले नै खाद्यवस्तुलाई सहरभित्र कम खर्चमा जुन पनि ठाउँमा उपलब्ध गराउन सक्छ (Argenti 2000)।

सहरी क्षेत्रमा खाद्यवस्तुको आपूर्ति र वितरणसम्बन्धी केही विशेष समस्या छन्। एक गरिब परिवारले लामो समयसम्म पुग्ने खाद्यान्न एक पटकमा खरिद गर्न सक्दैन जसले गर्दा उनीहरूले खाद्यवस्तुको सञ्चय गर्न सक्दैनन्। यसकारण बजारको मूल्यको उतारचढावले उनीहरूलाई ठूलै समस्या पर्दछ। गरिब बस्तीहरू सहरबाट टाढा हुने, यातायात नपुग्ने वा सार्वजनिक यातायातले नछोएको तथा यस्ता ठाउँमा खुद्रा बिक्रेता कम पुग्ने पक्षहरू पनि यसका केही समस्याहरू हुन् (Argenti 2000)।

खाद्य वस्तुलाई उत्पादन भएको ठाउँमा (मुख्यतः ग्रामीण क्षेत्रमा र सहरको वरिपरिको क्षेत्रमै) विभिन्न उत्पादन पछिका प्रक्रियाअनुसार प्रशोधन गरिन्छ र त्यसपछि सहरमा पुऱ्याइन्छ। यस सन्दर्भमा उत्पादनलाई सफा गर्न, एक ठाउँमा जम्मा गर्न, प्याकेजिङ्ग गर्न, भण्डार गर्न र सहर क्षेत्रमा ढुवानी गर्नुपर्ने हुन्छ। यी प्रक्रियामा विभिन्न व्यापारीको सहभागिता हुन्छ भने बाटो र यातयातका साधनको प्रयोग हुन्छ। यो संरचना र प्रक्रियाहरू पनि राम्रो, सक्षम र प्रभावकारी हुनु पर्दछ ताकि कम नोक्सानी होस्, कम खर्च लागोस् तथा खाद्यवस्तु बिग्रने डर नहोस्। यस प्रक्रियामा धेरै यातायातका साधनहरू सहर भित्रिन्छन् र वातावरणीय समस्याको साथै ट्राफिक समस्या समेत पैदा हुन्छ। सहरीकरण तीव्र हुँदै जाँदा र सहरको जनसङ्ख्या बढ्दै जाँदा सहरभित्र आयात गनुपर्ने खाद्यवस्तुको मात्रा बढ्दै जानेछ जसले माथिका समस्यालाई बढावा दिन्छ। ट्राफिक समस्याले गर्दा समयमा ढुवानी गर्न नसकिने तथा ताजा खाद्यवस्तु प्राप्त नहुने हुँदा खाद्यवस्तुको मूल्य र असुरक्षा बढ्छ। यो खाद्यसुरक्षाका लागि नकारात्मक हुन्छ।

सहरभित्र खाद्यवस्तु वितरणका लागि बजारको संरचना वा पूर्वाधारहरू (जस्तैः जम्मा गर्ने ठाउँ, भण्डार गर्ने ठाउँ, थोक तथा खुद्रा बिक्री केन्द्रहरू) आवश्यक पर्दछन्, जसले गर्दा बिक्री वितरण कम खर्चमा हुन्छ, खाद्यवस्तुहरूको हानि नोक्सानी कम हुन्छ, स्वास्थ्यको जोखिम कम हुन्छ र मूल्य स्थिर रहन्छ । यस्ता बजारका पूर्वाधारहरू प्रत्येक टोल छिमेकमा पायक पर्ने गरी राखिनु पर्दछ ताकि कम आय भएका गरिब बस्तीहरूबाट पनि यो केन्द्रहरूमा सहज पहुँच हुन सकोस् । यी बजारको व्यवस्थामा धेरै व्यक्ति तथा संस्थाहरूको संलग्नता हुन्छ । यिनीहरूका कामलाई सघाउन तथा उनीहरूलाई अनुगमन, नियन्त्रण गर्न विभिन्न भौतिक पूर्वाधारहरू, सेवा तथा नियम-कानूनहरू आवश्यक पर्दछ । साधारणतः नेपालमा यससम्बन्धी त्यति ध्यान दिइएको छैन । एकपटक खाद्य तथा कृषि संगठन (एफएओ) को सहयोगमा यससम्बन्धी केही काम भएको थियो । जस्तो कालीमाटी तरकारी बजारको व्यवस्थापन ।

खाद्यवस्तुको बजार प्रणालीमा पनि प्रस्ट रूपमा देखिने परिवर्तन आएको छ जसले खाद्यसुरक्षालाई दीर्घकालीन रूपमा प्रभाव पार्नेछ । र यसलाई कसरी व्यवस्थापन गर्ने भन्नेबारे अग्रीम रूपमा सोच्न जरुरी हुन्छ । क्रमशः आधुनिक बजार प्रणाली, जसअन्तर्गत ठूला-ठूला सुपरमार्केट वा डिपार्टमेन्ट स्टोरहरू पर्दछन् जसको नियन्त्रण ठूला तर सीमित व्यापारीहरूले गर्दछन् र जसको बहुराष्ट्रिय कम्पनीहरूसँग सम्बन्ध पनि हुन सक्दछ वा बहुराष्ट्रिय कम्पनीहरूको स्वामित्व हुन सक्दछ यी केही परिवर्तन हुन् । यिनीहरूको आफ्नै शृंखला हुन्छन् । जसले उनीहरूले नचाहेको उत्पादकहरूलाई बजार प्रणालीभित्र पस्न व्यवधान खडा गर्छ । यस्ता ठूला कम्पनीको प्रवेशले मुख्यतः स-साना वा मझौला तर धेरै व्यापारी संलग्न परम्परागत रूपमा चलेको खाद्यवस्तुको प्रणालीलाई असर गर्न सक्छ । यो परम्परागत बजार प्रणाली एकदमै सरल र छोटो शृङ्खलाको हुन सक्छ र यसमा उत्पादकहरूसमेत बिक्रेता हुन सक्छन् । काठमाडौँमा पनि यस्ता परिवर्तनहरू देखिन थालिएको छ । यस्तो परिवर्तनले गरिब सहरी बस्तीहरूलाई बजार-प्रणालीको पहुँचबाट बाहिर राख्ने सम्भावना बढ्छ भने स-साना उत्पादकहरूलाई पनि विस्थापित गर्दछ, जसले गर्दा खाद्य असुरक्षा बढ्ने डर हुन्छ ।

## खाद्य प्रशोधन, खानाको सुरक्षितता र अनुगमन

सहरको जीवनपद्धति, मुख्यतः घर र कार्यशालाको विभेद र दूरी, महिलाहरू पनि घरबाहिर काम गर्न जानुपर्ने अवस्था, परिवारभित्र र समुदायमा हुने आपसी सम्बन्धमा आउने कमी आदि कारणले गर्दा सहर क्षेत्रको व्यक्ति र परिवारको

खाद्यसुरक्षा ग्रामीण क्षेत्रको भन्दा फरक किसिमको हुन्छ । माथिका कारणले गर्दा घरमा खाना बनाएर खाने प्रचलन सहरीकरणको चाप बढ्दै जाँदा क्रमशः कम हुँदै जान्छ । उनीहरू तयारी खानामा बढी निर्भर हुन पुग्छन् ।

सहरी क्षेत्रमा उपलब्ध हुने खाना परिवारभन्दा बाहिर प्रशोधित हुन गएमा यस्तो प्रशोधन बिस्तारै ठूलाठूला उद्योग/कम्पनीमा सर्दै जान्छ । अहिले विश्वमा खाद्य प्रशोधनको ठूलो हिस्सा ठूलाठूला कम्पनीले लिन थालेका छन् । यस्तो प्रशोधित खाद्यवस्तुमा (जसलाई बनाउन समय कम लाग्छ) साधारणतः चिल्लो पदार्थ र जीव-प्रोटिन मात्रा एकदमै बढी हुन्छ तर रेसा र भिटामिनको मात्रा एकदमै कम हुन्छ । यसले गर्दा यी वस्तुको उपभोगले सहरी क्षेत्रको गरिब बस्तीहरूमा मोटोपन, चिनीरोग तथा मुटुसम्बन्धी रोग बढी देखिन्छ । अर्कोतर्फ कुपोषणको प्रकोप पनि ज्यादा हुन्छ ।

बच्चाहरूको हेरचाह अर्को समस्याको रूपमा देखिन्छ । बच्चाहरूको स्वास्थ्य हेरचाहको अभावमा ज्यादा बिग्रने सम्भावना हुन्छ । गरिब बस्तीहरूमा हुने फोहोर वातावरण, प्रदूषण तथा केटाकेटीको हेरचाहको अभावले गर्दा केटोकेटीको स्वास्थ्य एकदमै कमजोर हुन्छ । महिलाहरू घर छोडेर काममा (जुन साधारणतः घरभन्दा टाढा हुन्छ) जानुपर्ने हुँदा पनि केटाकेटीको स्याहार-सुसारमा कमी आउँछ । सहरी क्षेत्रमा बालशिशु केन्द्रहरू काम गर्ने स्थानको नजिकमा आवश्यक पर्दछन् । गरिब बस्तीको वरिपरि फोहोर हुने अर्को कारण हो, यहाँको बासिन्दामा घरको र घर बनेको जग्गाको अधिकार हुँदैन । उनीहरू धेरैजसो सरकारी जमीन ओगटेर बसेका हुन्छन् जसका कारण उनीहरू त्यहाँबाट जतिखेर पनि हटाइन सक्छन् । उनीहरूको बसोवासको ग्यारेण्टी भएमा आफ्नो घर डेरा आदिको सफाइ तथा हिफाजत गर्ने मनोकाङ्क्षा बढ्छ । तर प्रायः झुपडपट्टी वा सुकुमबासी बस्ती मानिने विकासशील देशका गरिब बस्तीहरूमा उनीहरूको स्वामित्व हुँदैन ।

स्थानीय सरकार तथा अन्य संस्थाहरूले सहरी क्षेत्रको खाद्यसुरक्षाको अनुगमन गरिरहनु पर्दछ किनभने खाद्य असुरक्षाको स्थिति हटाउन पनि समय लाग्छ । यस्तो स्थिति अगाडि नै मूल्याङ्कन गरेर 'पूर्व-चेतावनी' प्राप्त भएमा मात्र यसबारे आवश्यक व्यवस्था मिलाउन सकिन्छ । 'पूर्व-चेतावनी' बाट खाद्य असुरक्षा, विशेष गरी भोकमरीको समस्या हल गर्न सकिन्छ । खाद्यसुरक्षाको अनुगमनका लागि केही सूचकहरू तयार गर्न सकिन्छ । यसका लागि केही आधारहरू लिन सकिन्छ । जस्तैः सहरमा विशेष गरी गरिब टोल/छिमेकमा आधारभूत खानेवस्तु (चामल, गहुँको पिठो, मकैको पिठो) उपलब्ध छ/छैन, यी वस्तुको मूल्य कस्तो छ र स्थिरता कस्तो छ ? खानेवस्तुको विविधता कस्तो छ ? गुणस्तर कस्तो छ ? सबैलाई पहुँचको स्थिति

छ/छैन ? रोजगार व्यक्ति/परिवारको आम्दानीको स्रोत वा खाद्यवस्तुको स्रोत के छ ? विशेष गरी गरिब क्षेत्रमा पोषणको स्थिति कस्तो छ ? आदि । यी आधारहरूलाई ठाउँअनुसार अझ फराकिलो वा सान्दर्भिक बनाउन सकिन्छ । यी आधारहरूमध्ये केही पसलहरूको अध्ययनबाट गर्न सकिन्छ भने केहीका लागि प्रत्येक निश्चित समयमा घरधुरी सर्वेक्षण र स्वास्थ्यको मापन पनि गर्नु पर्दछ ।

सहर बाहिरको अवस्थाले पनि सहरी खाद्यसुरक्षालाई असर पार्ने भएकाले सहर बाहिर, विशेष गरी जहाँबाट खाद्यान्न सहरमा आपूर्ति हुन्छ, त्यसको पनि अनुगमन हुनु पर्दछ । जस्तो : उत्पादन कस्तो छ ? ढुवानीको र भण्डारणको अवस्था कस्तो छ ? कुन ठाउँमा सस्तो र स्वस्थ खाद्यवस्तु पाइन्छ ? आदि । अर्को शब्दमा खाद्य शृङ्खलाका सम्पूर्ण सरोकारवाला (उत्पादक, प्रशोधक, ढुवानीवाला, बिक्रेता र उपभोक्ता) को अनुगमन गर्नु आवश्यक हुन्छ ।

## काठमाडौँको खाद्यसुरक्षाको स्थिति र परिवर्तित अवस्था

नेपालको सहरीकरण र सहरको परिवर्तनको सन्दर्भमा सबैभन्दा राम्रो उदाहरण काठमाडौँकै हुन्छ । नेपाल एकीकरणपछि काठमाडौँ नेपालको राजनीतिक, प्रशासनिक, आर्थिक, व्यापारिक तथा सांस्कृतिक केन्द्रको रूपमा विकास हुँदै आयो । काठमाडौँ उपत्यकाको मलिलो माटोको कारणले कृषि उब्जाउ र बचतमा आधारित यहाँको सहरीकरणको सुरुआत र विकास भएको हो । तिब्बत र भारतको लगभग बीचको अवस्थितिले गर्दा दुई देशबीचको व्यापार गर्ने ठाउँ भएकोले पनि नेपालको अन्य क्षेत्रभन्दा यहाँ बढी आर्थिक उन्नति भएको मानिन्छ । सन् १७६९ मा काठमाडौँ नेपालको भू-भाग भएपछि त्यसपछिका शासकले यसलाई केन्द्रबिन्दु (राजधानी) बनाएर शासन सञ्चालन गरेपश्चात् लगभग सन् १९५० सम्मका शाह र राणा शासकहरूले एकदमै केन्द्रीकृत नीति लिए । नतिजा राजनीतिक र आर्थिक शक्ति पूर्णत: काठमाडौँमा केन्द्रित गरियो । सन् १९५० सम्म विशेषत: राणाहरूको मुख्य उद्देश्य विकास नभई केवल 'राजस्व उठाउने' र 'शान्ति सुरक्षा' दिने थियो । तसर्थ उठेको 'राजस्व' लगभग उनीहरूको निजी सम्पत्ति बनाइयो ।

सन् १९५० पछि काठमाडौँमा सहरीकरणको चाप बढ्दै गएको देखिन्छ । कामको खोजीमा वा पढेर गैरकृषि पेसा अँगाल्ने अवसरको खोजीमा काठमाडौँमा बसाइँ सर्ने क्रम तीव्रतर भयो । यो प्रक्रिया सन् १९७० देखि त एकदमै बढेको देखिन्छ । राजधानीबाट सम्पन्न गर्ने सरकारी काममा पनि व्यापकता भएकोले भवनलगायत अन्य संरचनामा वृद्धि भयो । यसले मुख्यत: खेतीयोग्य जमीनमाथि नै चाप बढायो । बिस्तारै खेतीयोग्य जमीनहरूमा घर बस्ती, अफिसलगायत अन्य

संरचनाहरू बन्न थाले । यसको परिणाम उत्पादन गर्ने जमीन एकदमै कम हुँदै गयो र काठमाडौँको आन्तरिक उत्पादनले यहाँको आवश्यकता थेग्न सकेन । काठमाडौँ बिस्तारै तराईको जिल्लाहरूमा खाद्यान्नका लागि निर्भर हुन थाल्यो भने सन् १९८० को दशकदेखि त यो निर्भरता भारतीय बजारहरूतर्फ बढेको देखिन्छ ।

तालिका ४ मा देखाएअनुसार काठमाडौँ उपत्यकाको सहरी जनसङ्ख्या गत ५० वर्षमा लगभग पाँच गुणाभन्दा अझ बढी भएको देखिन्छ । सन् १९५२ मा लगभग १ लाख ९२ हजार भएको सहरी जनसङ्ख्या सन् २००१ मा आउँदा ९ लाख ९६ हजार पुगेको छ । सन् २००० देखि २००५ सम्ममा त द्वन्द्वको कारणले काठमाडौँको जनसङ्ख्यामा निकै वृद्धि भएको अनुमान गरिएको छ ।

**तालिका ४ : काठमाडौँ उपत्यकाको सहरी जनसङ्ख्या**

| | १९५१ | १९६१ | १९७१ | १९८१ | १९९१ | २००१ |
|---|---|---|---|---|---|---|
| भक्तपुर नपा | ३२,३२० | ३३,८७७ | ४०,११२ | ४८,४७२ | ६१,४०५ | ७२,५४३ |
| ललितपुर उमनपा | ४२,१८३ | ४७,७१३ | ५९,०४९ | ७९,८७५ | ११५,८६५ | १६२,९९१ |
| काठमाडौँ मनपा | १०६,६७९ | १२१,०१९ | १५०,४०२ | २३५,१६० | ४२१,२५८ | ६७१,८४६ |
| मध्यपुर ठिमी नपा | ८,६५७ | ९,७१९ | - | - | - | ४७,६५१ |
| कीर्तिपुर नपा | ७,०३८ | ५,७६४ | - | - | - | ४०,८३५ |
| **जम्मा सहरी जनसङ्ख्या** | **१९६,७७७** | **२१८,०९२** | **२४९,५६३** | **३६३,५०७** | **५९८,५२८** | **९९५,९६६** |

स्रोत: Sharma (2003)।

बढ्दो जनसङ्ख्याको सीधा असर काठमाडौँको खाद्य उत्पादन क्षमतामा आएको ह्रासबाट बुझ्न सकिन्छ । काठमाडौँ उपत्यकामा सन् १९७५/७६ सम्म उपत्यकाको उत्पादनले यहाँको जनसङ्ख्याको आधारभूत खाद्यान्नको न्यूनतम आवश्यकता (प्रतिव्यक्ति २०० केजी/प्रतिवर्ष) पूरा हुने देखिन्छ भने त्यस समयदेखि खाद्यान्नको अभाव (उत्पादनमा) क्रमश: बढ्दै गएको छ । यो अभाव सन् १९९०/९१ देखि एकदमै बढ्दै गएको देखिन्छ (हेर्नुहोस् चित्र ४) । चित्र १ देखि ३ ले काठमाडौँका तीन जिल्लामा आएको खाद्यान्न उत्पादन, आवश्यकता र पर्याप्तता/अभावको परिवर्तनलाई देखाउँछ। काठमाडौँ जिल्लामा भने सन् १९७०/७१ देखि नै खाद्यान्नका उत्पादनले आवश्यकतालाई थेग्न छोडेको देखिन्छ । तर यस्तो अभाव सन् १९८०/८१ सम्म कम नै थियो । त्यसपछि यो अभावको मात्रा बढ्दै गयो । सन् १९९०/९१ देखि त यो द्रूत गतिमा बढेको देखिन्छ (चित्र १) । ललितपुर जिल्लामा भने खाद्यान्न उत्पादन सन् १९८०/८१ सम्म पर्याप्त देखिन्छ। त्यसपछि भने अपर्याप्तताको क्रम सुरु भयो, जुन सन् १९९०/९१ बाट एकदमै

बढेको देखिन्छ (चित्र २)। भक्तपुर जिल्लामा भने सन् १९९०/९१ सम्म आफ्नो उत्पादन पर्याप्त भए पनि त्यसपछि भने अभाव वा अपर्याप्तता एकदमै बढेको देखिन्छ (चित्र ३)। यसरी तीनओटै जिल्लामा खाद्यान्नको उत्पादनले आफ्नो आवश्यकता थेग्न नसक्ने कारण बढ्दो सहरीकरण हो। बढ्दो बसाइँसराइले यसलाई मुख्य रूपमा प्रभावित पारेको छ। काठमाडौँमा प्रतिवर्ष लगभग ६.७ प्रतिशतले जनसङ्ख्या बढिरहेको छ।

**चित्र १ : काठमाडौँ जिल्लामा खाद्यान्नको उत्पादन, न्यूनतम आवश्यकता तथा बचत/अभाव**




बढ्दो जनसङ्ख्याको कारणबाट खेती गरिएको वा खेतीयोग्य जमीन बिस्तारै बस्ती, घर/अफिस तथा अन्य संरचनाले ढाक्ने क्रम बढ्दो छ। यसले कृषि उत्पादन बढाउन गाह्रो भएको छ। उन्नत मल, बीउ, रासायानिक औषधिको अत्यधिक प्रयोग काठमाडौँमा नै छ। यसको बाबजुद खाद्यान्न उत्पादन द्रूत गतिमा बढेको छैन, किनभने खेती गर्ने जमीनको अनुपात एकदमै घटेको छ। काठमाडौँको सहरी फैलावट 'ठाडो' नभएर 'तेर्सो' भएकोले पनि यहाँको धेरै जमीन भवन र संरचनाले ओगट्न पुगेको छ। सहरको केन्द्रभागमा घरको घनत्व एकदमै बढी छ, जहाँ एक हेक्टरमा लगभग ५०० देखि १००० मानिस बस्छन्। त्यहाँ अब नयाँ भवनहरू बनाउने खाली ठाउँ छैन। यसकारण केन्द्र बाहिरका क्षेत्रमा सहरी वृद्धि एकदमै बढी देखिन्छ, जहाँ प्रतिवर्ष ७.५ प्रतिशतभन्दा बढीले जनसङ्ख्या बढिरहेको छ। यस्तो ठाउँमा सहर 'तेर्सो' तवरले बढिरहेको छ, जसले गर्दा खेतीयोग्य जग्गा

घटिरहेको छ। सन् १९५५ देखि सन् १९९६ सम्मको काठमाडौँ उपत्यकाको भू-उपयोग परिवर्तनबाट पनि यो तथ्य प्रस्ट देखिन्छ (Pradhan 2000)। अर्को एक अध्ययनअनुसार सन् २००० मा काठमाडौँ उपत्यकामा कृषि क्षेत्र जम्मा ४१.४ प्रतिशत देखिएको छ, जुन १९५५ मा ६२.४ प्रतिशत थियो (Joshi 2001)।

चित्र २ : ललितपुर जिल्लामा खाद्यान्नको उत्पादन, न्यूनतम आवश्यकता तथा बचत/अभाव




चित्र ३ : भक्तपुर जिल्लामा खाद्यान्नको उत्पादन, न्यूनतम आवश्यकता तथा बचत/अभाव



चित्र ४ : काठमाडौं उपत्यकामा खाद्यान्नको उत्पादन, न्यूनतम आवश्यकता तथा बचत/अभाव




काठमाडौँ उपत्यकाको आफ्नो उत्पादनले यहाँको जनसङ्ख्याको न्यूनतम आवश्यक खाद्यवस्तु पूरा गर्न नसकेको कारणले गर्दा नै यहाँ बाहिरबाट खाद्यवस्तु आपूर्ति भइरहेको छ । यो एउटा सहरीकरणको स्वाभाविक प्रवृत्ति मान्न सकिन्छ, तर आजकाल सहरी र सीमान्त सहरी इलाकामा सघन खेती गरेर सहरमा आवश्यक पर्ने खाद्यवस्तुको ठूलो भाग पूरा गर्न सकिन्छ भन्ने अवधारणा 'दिगो सहरीकरण' अन्तर्गत प्रचलनमा आएको छ। अहिले काठमाडौँमा बाहिरबाट कति खाद्यवस्तु आइरहेको छ र यसको सुनिश्चितता कस्तो छ भन्नेबारे विशेष अध्ययन भएको छैन । सहरी क्षेत्रमा खाद्यसुरक्षासम्बन्धी सरकारी (केन्द्रीय र स्थानीय) चासो र योजना देखिँदैन । सबै कुरा बजारबाटै सुनिश्चित हुन्छ भन्ने मान्यता राखेको देखिन्छ ।

सन् १९९६/९७ मा गरेको एक अध्ययनअनुसार काठमाडौँमा त्यस वर्ष १४२,१०२ मेट्रिक टन (मेट) चामल बाहिरबाट आपूर्ति गरिएको थियो । त्यसमध्ये १५.५ प्रतिशत नेपाल खाद्य संस्थानले आपूर्ति गरेको थियो भने बाँकी (८४.५%) 'निजी क्षेत्र' बाट भएको थियो । खाद्य संस्थानले आपूर्ति गरेको चामलमध्ये करिब ६० प्रतिशत नेपाली चामल (तराईबाट) थियो भने बाँकी ४० प्रतिशत भारतबाट । तर निजी क्षेत्रले आपूर्ति गरेको चामलमध्ये ७० प्रतिशत भारतबाट आपूर्ति भएको थियो । यी आपूर्ति गर्ने व्यापारीहरूमध्ये ठूला व्यापारीहरू भारतीय नै थिए । त्यस्तै प्रकारले गहुँको पिठो, दाल, तेल र चिनी पनि काठमाडौँमा मुख्यत: भारतबाटै आयात गरिएको थियो (अधिकारी सन् २००४: २१९-२२०) ।

त्यस वर्ष काठमाडौँमा २४,०१२ मेट फलफूल आपूर्ति भएको अनुमान छ, जुन मुख्यतः भारतबाट आयात गरिएको थियो । तरकारीमा भने ८१ प्रतिशत नेपालकै अन्य जिल्लाबाट र पाँच प्रतिशत काठमाडौँकै उत्पादनले काठमाडौँको माग पूरा भएको थियो भने भारतबाट ल्याइने तरकारी जम्मा आपूर्तिको १४ प्रतिशत मात्र देखिएको थियो (अधिकारी सन् २००४: २२४) । यसबाट काठमाडौँको खाद्यवस्तु आपूर्तिका लागि 'भारतीय बजारमा' निर्भरता बढिरहेको देखिन्छ । यो निर्भरताले पछि केही समस्या ल्याउन पनि सक्छ । जस्तो यातायात बन्द भएमा, राजनीतिक समस्या भएमा वा व्यापारीको साँठगाँठबाट मूल्यमा कृत्रिम वृद्धि भएमा । विगतमा यी समस्याहरू समयसमयमा भइराखेका थिए ।

काठमाडौँमा खाद्यवस्तुको आन्तरिक वितरणको राम्रो व्यवस्था छैन । सन् १९९५ तिरै कालीमाटीमा 'थोक बिक्रेता' का लागि सहयोग पुऱ्याउने सन्दर्भमा एउटा ठूलो बजारस्थलको निर्माण भएको थियो । खाद्य तथा कृषि संगठन (एफएओ) र संयुक्त राष्ट्र संघ विकास कार्यक्रम (युएनडीपी) को सहयोगमा यो बजार बनेपछि तरकारी बिक्री वितरण सजिलो भएको छ । यहाँबाट नै खुद्रा बिक्रेताले तरकारी खरिद गरी ठाउँठाउँका बजार/चोकमा लगेर बेच्छन् । यस्ता खुद्रा बिक्रेतामा महिलाको सहभागिता पनि विशेष देखिन्छ । मूल्यको हिसाबले थोकमा किन्नु फाइदाजनक हुन्छ, तर धेरै मध्यम तथा गरिब परिवारहरू 'कालीमाटी' सम्म आउन र एकैपटक धेरै मात्रामा तरकारी किन्न असमर्थ हुन्छन् । फलफूलको हकमा कुलेश्वरमा त्यस्तै थोक बजार छ र यहाँबाटै फलफूल खुद्रा पसलेहरूले किनेर लैजान्छन् । यसबाहेक काठमाडौँको चोक बजारमा स्थानीय उत्पादकहरूले बिहान र साँझमा आफ्ना उत्पादनहरू बेच्न राख्दछन् ।

सरकारी स्तरबाट खाद्यान्न वितरणमा सहयोग पुऱ्याउने नेपाल खाद्य संस्थान हो, जसले पहिला/पहिला सहुलियत दरमा 'चामल' उपलब्ध गराउँथ्यो । यसले यातायातमा केही छुट दिई खाद्यान्न वितरण गर्दथ्यो । सन् १९७४/७५ तिर यस संस्थाले करिब ७० प्रतिशत खाद्यान्न काठमाडौँमै वितरण गर्दथ्यो भने सन् १९९७/९८ सम्ममा यो घटेर करिब ५० प्रतिशतसम्म पुगेको थियो । यसपछि संस्थाको मुख्य लक्ष्य दुर्गम क्षेत्र हुन पुग्यो । अहिले यस संस्थाले काठमाडौँलगायत मोटर यातायातले छोएको अन्य ठाउँमा सहुलियत दिन छाडेको छ । अहिले यस संस्थाले पनि सुलभ पसलहरूमार्फत आफ्नो कुल खाद्यान्न वितरणको २० देखि ३० प्रतिशत काठमाडौँमा वितरण गर्दछ । तथापि सहुलियत नदिएको कारणबाट यी सुलभ पसलहरूको पनि कुनै भूमिका देखिँदैन । यो सहुलियत घटाउने नीति मुख्यतः सरकारको संरचनात्मक समायोजन कार्यक्रमअन्तर्गतको निजीकरण बढाउने कार्यक्रमको परिणाम हो । यस

नीतिअन्तर्गत श्रम नीति पनि बनाइएको थियो, जसअनुसार रोजगारदाताले श्रमिकलाई हटाउने, कम ज्याला दिन सक्ने आदि अनुदार व्यवहार गर्न सक्दछ । त्यस्तै प्रकारले उदारीकरणको नीतिअनुसार व्यापार/उद्योगमा भएको उतार चढावले काठमाडौँ सहरमा रोजगारीको कुनै ग्यारेण्टी छैन, जसले गर्दा मजदुरी कामका लागि आएका नयाँ आप्रवासीहरूले निकै समस्या भोगेको देखिन्छ (Adhikari 1999) । यस्ता गरिब र जोखिममा पर्न सक्ने परिवारहरूलाई सहयोग पुग्ने हिसाबबाट खाद्यवस्तुको आपूर्ति र वितरण कसरी गर्ने भन्नेबारे सरकारी वा नगरपालिकाको कुनै नीति तथा कार्यक्रम देखिँदैन ।

## खाद्यवस्तु माथिको पहुँच

खाद्यसुरक्षाको एउटा मुख्य पक्ष खाद्यवस्तु माथिको पहुँच हो । माथि उल्लिखित पक्ष उत्पादन, आपूर्ति र वितरणले मुख्यतः खाद्यवस्तुको उपलब्धतालाई जनाउँछ । काठमाडौँमा यहाँको बासिन्दाको खाद्यवस्तु माथिको पहुँच कस्तो छ भनेर हेर्न यहाँका व्यक्ति/घर परिवारहरूको रोजगारीको स्थिति कस्तो छ, आयको अन्य स्रोत के के छन् र आय कति हुन्छ, त्यो आय खाद्यान्न खरिद गर्न कति पर्याप्त छ आदि जानकारी प्राप्त हुन जरुरी छ । साधारणतः सहरी क्षेत्रमा यी जानकारी प्राप्त गर्न कठिनाइ हुन्छ । त्यसकारण गरिब बस्तीमा खाद्यसुरक्षाको स्थिति राम्रो भएमा अन्यत्र पनि राम्रो होला भन्ने अनुमान गरिन्छ ।

काठमाडौँमा धेरै परिवारले आफ्नो खाद्यान्न आफैँ उत्पादन गर्दैनन् । त्यसकारण उत्पादनबाट पहुँच पाउने सम्भावना थोरै देखिन्छ । यद्यपि काठमाडौँमा घर भएका, विशेष गरी नयाँ बसाइँसराइ र आर्थिक हैसियत राम्रो भएका परिवारको पहाड वा तराईमा जमीन भएको र त्यहाँको उत्पादन बेलाबेलामा लिएर आउने पनि देखिन्छ । काठमाडौँकै रैथाने परिवारको पनि तराईमा जमीन भएका केही उदाहरणहरू छन् । यसको ऐतिहासिक सन्दर्भ छ । काठमाडौँका बासिन्दा जसले शाह र राणाको राज्य शक्तिलाई सहयोग गरे उनीहरूले तराई/पहाडमा खेतीयोग्य जमीन बिर्ता/जागीरको रूपमा प्राप्त गरेका थिए । अहिले पनि काठमाडौँको १६.२ प्रतिशत घर परिवार (अन्य सहरमा ४८.५%) लाई 'कृषि घर परिवार' मानिएको छ (CBS 2005a) । यिनीहरू मुख्य रूपमा धान र तरकारी खेती गर्छन् । यो वर्गबाहेक काठमाडौँमै गैरकृषि क्षेत्रमा पूर्ण निर्भर जनसङ्ख्याको प्रतिशत ठूलो छ । विशेष गरी जो खाद्य असुरक्षाको जोखिम उठाउनुपर्ने परिवारहरू हुन्, उनीहरूको अन्यत्र खेती गर्ने जमीन छैन र आफ्नो उत्पादित खाद्यान्नले खाद्यसुरक्षा उपलब्ध हुँदैन । उनीहरूले खाद्यमा पहुँच पाउने भनेको 'आय वा श्रमसँग खाद्यान्न साट्ने' हो ।

त्यसकारण रोजगारीको स्थिति, आयको मात्रा र सुनिश्चितता तथा खाद्यवस्तुको मूल्यले खाद्यवस्तु माथिको पहुँचको स्थितिको चित्रण गर्न सक्छ ।

आम्दानीको वा खर्च गर्ने क्षमताको दृष्टिले काठमाडौंको प्रतिव्यक्ति वा परिवारको आम्दानी नेपालको तुलनामा राम्रो भए पनि यहाँ धेरै मानिस जोखिममा भएको पनि देखिन्छ (CBS 2003: 8) । नेपालको औसत आम्दानीको (रु. ८०,१११) को तुलनामा काठमाडौंको आम्दानी लगभग तीन गुणा (रु. २२२,६६६) बढी छ (तालिका ७) । तर आम्दानीका स्रोतहरू (जस्तै गैरकृषिमा निर्भर गर्नुपर्ने) र बेरोजगारी दर ज्यादा भएकोले जोखिम धेरै छ । नेपालकै बेरोजगारी दर ३.८ प्रतिशतको तुलनामा काठमाडौंको दर १०.८ प्रतिशत र अन्य सहरको ८.३ प्रतिशत छ (CBS 2005a: 39 and 49) । सायद यसको असर दीर्घ र सिकिस्त बिरामीको दरमा पनि देखिन्छ । जुन नेपालको र ग्रामीण क्षेत्रको औसतका तुलनामा काठमाडौंमा बढी छ । तालिका ८ र ९ अनुसार काठमाडौंमा दीर्घरोगी परिवार ७.९ प्रतिशत छ भने सिकिस्त रोगी परिवार १३.२ प्रतिशत । यससम्बन्धी नेपालको औसत क्रमशः ५.४ प्रतिशत र १३ प्रतिशत छ । सहरी क्षेत्रमा महिलामा यस्तो समस्या बढी देखिएको छ भने ग्रामीण क्षेत्रमा पुरुषमा (CBS 2005a: 37; CBS 2005b: 85-87) ।

वस्तु माथिको पहुँच नाप्ने अर्को तरिका हो, ज्यालादर र खाद्यवस्तुको मूल्यको तुलना । यदि खाद्यवस्तुको मूल्यको तुलनामा ज्यालादर कम दरले बढेको छ भने खाद्यवस्तुमा पहुँच घट्दै गएको भन्ने जनाउँछ । यस सन्दर्भमा काठमाडौंको खाद्यवस्तुको मूल्य सूचकले सन् १९९५/९६ देखि २००४/०५ सम्ममा काठमाडौंमा यस्तो मूल्य सूचक लगभग १.५६ गुणाले बढेको देखिन्छ (NRB 2003: 55) । तर यसै समयमा  ज्यालादर भने बढेको छैन । अझ द्वन्द्वको समस्याले गर्दा सहर पसेका व्यक्तिहरूको प्रचूरताले गर्दा ज्यालादर घटेको वा लगभग उस्तै देखिन्छ । यस्तो अवस्थामा कम खाद्यवस्तुको उपभोग हुन्छ र कुपोषणको सम्भावना बढ्छ । यसैबीचमा कार्पेट उद्योग र तयारी पोसाक उद्योगमा गिरावट आएको छ ।[५] यी दुई उद्योगमा क्रमशः दुई लाख र एक लाख व्यक्ति रोजगार थिए । तर यी उद्योगहरू अहिले धराशयी भएका छन् । त्यस्तै गरेर यो समयमा होटल र रेष्टुराँ व्यापारमा पनि कमी आएको थियो ।[६] एकातर्फ खाद्यवस्तुको मूल्य बढ्यो

---

[५] थप जानकारीका लागि यसै पुस्तकमा सीजू उपाध्यायको लेख हेर्नुहोस् ।

[६] यसैबीच द्वन्द्वको कारणले विस्थापित युवा महिलाहरूलाई प्रयोग गरेर काठमाडौंमा डान्स र क्याबिन रेस्टुराँको वृद्धि भएको छ । ग्रामीण क्षेत्रमा हुर्केका यी महिलाहरू यस्ता रेस्टुराँहरूमा काम गर्न बाध्य पनि भएको पाइन्छ । साथै यो पेसामा कुनै ठूलो सीप र योग्यताको आवश्यक पर्दैन । यस्ता रेस्टुराँबाहेक अन्य औपचारिक हस्पिटालिटी सेवामा धेरै कमी आएको छ ।

भने अर्कोतर्फ रोजगारी घट्ने तथा ज्यालादर नबढ्ने हुँदा श्रमजीवी व्यक्तिहरूलाई खाद्यसुरक्षा उपलब्ध गराउन गाह्रो हुने अनुमान गर्न सकिन्छ ।

काठमाडौँमा गरिब परिवारहरू मुख्यत: सुकुमबासी टोलहरूमा बसेका छन् । नयाँ रोजगारी खोज्न आएका श्रमिकहरू छिँडीको कोठा भाडामा लिएर एउटा सानो कोठामै १०-१२ जनासम्म बसेको पाइन्छ । काठमाडौँमा मात्र सन् १९९० को दशकको सुरुआततिर लगभग ४७ ओटा सुकुमबासी बस्ती थिए । सरकारी नीतिको कारण पछि केही सुकुमबासी बस्ती भत्काइएका पनि थिए । यी बस्तीहरूमा लगभग १०,००० जति सुकुमबासी भएको अनुमान गरिन्छ । सन् १९९० तिरको अध्ययनअनुसार काठमाडौँमा लगभग १७ हजार घर बस्न लायक थिएनन् । यो सबैलाई जोड्दा लगभग २१ प्रतिशत जनसङ्ख्या घरविहीन भएको देखिन्छ (Adhikari 1999) । यस्तै गरी सडक बालबालिकाको सङ्ख्या पनि बढिरहेको पाइन्छ । जुन हाल लगभग दुई हजारदेखि तीन हजार भएको अनुमान छ । काठमाडौँमा लगभग ३६,००० बाल मजदुर भएको अनुमान छ (The Kathmandu Post 2002) । बूढाबूढी र असहायको समस्या पनि टड्कारो रूपमा बढिरहेको छ । यिनीहरू बिस्तारै परिवारबाट अपहेलित हुन पुगेका छन् । केही सामाजिक संगठनबाहेक औपचारिक रूपमा यिनीहरूको सहयोग गर्ने संस्था र नीतिको अभाव छ ।

## वातावरणीय प्रदूषण

काठमाडौँमा वायु, पानी, माटोको प्रदूषणको साथै फोहोरको मात्रा बढिरहेको छ । वायु प्रदूषणमा मुख्यत: १० माइक्रोमिटरभन्दा साना वस्तु (पीएम$_{१०}$) र टीएसपी (टोटल सस्पेन्डेड पार्टिकल्स) नै मुख्य प्रदूषण मानिएको छ । सन् २००१ मा गरिएको एक अध्ययनले काठमाडौँमा पीएम$_{१०}$ र टीएसपीको भार ७५८०.५ र १९,८८४.२ टन भएको देखाएको छ । सन् १९९७ को विश्व बैंकको अध्ययले यो क्रमश: ४,७१२ र १६,५७५ टन देखाएको थियो । यो अध्ययनले विशेष गरी पीएम$_{१०}$ मा निकै वृद्धि भएको देखाउँछ (Shrestha and Raut 2002) । यो प्रदूषण हुनुमा बढ्दो ट्राफिक र उद्योगहरू नै मुख्य कारक मानिन्छन् । काठमाडौँमा दुई लाखभन्दा बढी सवारी साधन गुड्छन् । काठमाडौँको बहन क्षमताभन्दा बढी करिब ३० हजार सवारी साधन सन् १९९९/२००० सम्ममा नै थिए भन्ने अनुमान छ । त्यसपछि पनि सवारी साधन द्रुत गतिले बढिरहेका छन् । काठमाडौँका उद्योगहरूबाट निस्कने धुवाँ अर्को मुख्य कारक हो । यसमा मुख्य रूपमा इँट्टाभट्टाहरू छन् । काठमाडौँमा करिब १३० इँट्टाभट्टा भएको अनुमान छ । बढ्दो वायु प्रदूषणले श्वासप्रश्वाससम्बन्धी समस्या

बढेको देखिन्छ। सन् १९९० को विश्व बैंकको अध्ययनले काठमाडौँको पीएम$_{१०}$ प्रदूषणले प्रतिवर्ष करिब २० करोड रुपियाँ स्वास्थ्यको सुधारस्वरूप खर्च हुने देखाएको छ। त्यस्तै गरेर करिब ५० करोड रुपियाँ पर्यटन व्यवसायमा भएको नकारात्मक प्रभावले गर्दा घाटा भएको देखिन्छ (Shrestha and Raut 2002)।

खानेपानीको उपलब्धता र प्रदूषण खाद्यसुरक्षालाई नकारात्मक प्रभाव पार्ने अर्को पक्ष हो। विशेष गरी गरिब बस्तीहरूमा काठमाडौँमा खानेपानीको उपलब्धता घट्दै गएको छ। काठमाडौँको आवश्यकतामध्ये करिब ४५ प्रतिशत (करिब ५.२ करोड लिटर प्रतिदिन) सरकारी संस्थाले जमीनबाट झिक्छन् भने निजी क्षेत्रले झिक्ने पानीको लेखाजोखा छैन। यसकारण यहाँको जमीनमुनिको पानी पनि प्रतिवर्ष करिब २.५ मीटरका दरले घट्दै गएको छ। खानेपानीको प्रदूषण अर्को समस्या हो। बस्तीहरूको अनियन्त्रित विकासले गर्दा खानेपानी पुऱ्याउन गाह्रो भएको पनि छ।

काठमाडौँबाट निस्कने फोहोर अर्को समस्या हो। यसले पानी र माटो तथा कहीँकहीँ वायु प्रदूषण पनि बढाएको छ। अहिले यो फोहोर नदी किनारामा फ्याँकिन थालिएको छ र यो फोहोर तह लगाउने समस्या पनि परेको छ। यो फोहोरमध्ये करिब ७० प्रतिशत जैविक वस्तु छन् भने प्लाष्टिक ९२ प्रतिशत, कागज ८.५ प्रतिशत, निर्माणसम्बन्धी फाल्तु वस्तु ४.५ प्रतिशत, कपडा ३ प्रतिशत, ग्लास २.५ प्रतिशत, धातु ०.९ प्रतिशत, रबर र छाला ०.७ प्रतिशत र काठ ०.६ प्रतिशत छ। यसमध्ये धेरैलाई पुनःप्रयोग गर्न पनि सकिन्छ भने करिब ७०-८० प्रतिशत फोहोरलाई कुहाएर कम्पोष्ट मल बनाउन सकिन्छ, जसलाई सहरकै खेतीमा वा ग्रामीण क्षेत्रमा बेच्न सकिन्छ (Joshi 2001)।

काठमाडौँमा सबैभन्दा धेरै रासायानिक मल र कीटनाशक विषादीको प्रयोग हुन्छ। यसले यहाँको माटो र पानीमा प्रदूषण बढेको छ। यहाँको तरकारीको परीक्षण गर्दा प्याराथाइन, मालाथाइन, मिथाइलप्यारासन, फेनिट्रोथियम जस्ता विषादी तत्त्व निकै धेरै पाइएको थियो। त्यस्तै प्रकारले 'लिड' को प्रदूषण पनि खाद्य पदार्थमा देखिएको थियो (Joshi 2001)। 'लिड' मुख्यतः वायु प्रदूषण (मोटरको धुवाँ) बाट आएको अनुमान गरिन्छ।

वातावरणीय प्रदूषणले मुख्य रूपमा कम आय भएका र कम शिक्षित समुदायलाई धेरै असर पार्दछ। उनीहरू सार्वजनिक रूपमा उपलब्ध पानीको उपयोग गर्ने, कम गुणस्तरको (कम पैसा पर्ने कारणले पनि) खानेकुरा उपभोग गर्ने, सडक खाना र कमसल खालका होटल/रेष्टुराँमा खाने, घना र सुविधारहित टोलमा बस्ने, उनीहरूकै छेउछाउमा फोहोर थुप्राइने आदि कारणले गर्दा प्रदूषणले

उनीहरूलाई नै बढी पीडित बनाउँछ । यसले गर्दा उनीहरूको स्वास्थ्य कमजोर हुने र स्वास्थ्यका लागि बढी खर्च गर्नुपर्ने बाध्यता देखिन्छ । स्वास्थ्य बिग्रेपछि गरिब परिवारहरू दोहोरो मारमा परेको देखिन्छ । पहिलो त खर्च बढी हुन्छ, जसले गर्दा खाद्यवस्तुमा गर्नुपर्ने खर्च कम हुन्छ । अर्कोतर्फ, परिवारको आम्दानी कम हुन्छ किनभने अस्वस्थ व्यक्तिले काम गर्न सक्दैन भने त्यस्तो व्यक्तिको हेरचाह गर्दा अर्को स्वस्थ व्यक्तिको पनि समय नष्ट हुन्छ । काठमाडौँको एक अध्ययनले यो प्रक्रियालाई प्रस्टसँग देखाएको छ (Adhikari 1999) ।

## सुरक्षित खाद्यवस्तु

सहरी खाद्यसुरक्षाको अर्को महत्त्वपूर्ण पक्ष सुरक्षित खाद्यवस्तुको उपलब्धता हो । सहरी क्षेत्रमा खाद्यवस्तु बाहिरबाट आउने र कतिपय त धेरै समय स्टोर र ढुवानीमा राखिने भएकोले खाद्यवस्तु बिग्रन सक्ने सम्भावना हुन्छ । त्यस्तै प्रकारले घरमा पकाएर खाने चलन पनि कम हुन सक्दछ । किनभने परिवारका सदस्य, महिला समेत, घरबाट टाढा गएर काम गर्नुपर्ने बाध्यता हुन्छ । त्यसकारण होटल/रेष्टुराँको प्रयोग हुन्छ । कम आय भएका व्यक्तिहरू 'सडक' खानामा आकर्षित हुन्छन् । तर यिनीहरूद्वारा वितरित खाद्यवस्तु स्वास्थ्यको हिसाबले सुरक्षित नहुन पनि सक्दछ । काठमाडौँमा गरिएको अध्ययनअनुसार करिब २० प्रतिशत नमुना खाद्यवस्तुले नियम उल्लङ्घन गर्ने गरी प्रदूषित खाद्यवस्तु बेचेको पाइन्छ । यी खाद्यवस्तुमा अखाद्यवस्तु मिसाइएको, नियमअनुसारको चिल्लो पदार्थ नभएको, शरीरलाई असर गर्ने रासायानिक वस्तु मिसाइएको हानिकारक सूक्ष्म जीवाणु भएको आदि प्रदूषण भेटिएको थियो (Joshi 2001) । विशेष गरी मिठाईहरूमा खान नहुने रङ्गहरू मिसाइएको भेटिन्छ । प्रशोधित दूध भनेर बेचिने ब्राण्डहरूमा पनि विभिन्न समस्या देखिएका थिए । यी दूधहरूको मुख्य प्रशोधनमा सरसफाइ नभएको तथा कोलिफर्म ब्याक्टेरिया बढी भएको देखिएको थियो ।

खाद्यवस्तुको सुरक्षा गर्ने मुख्य दायित्व स्थानीय सरकारको हुन्छ । यस अर्थमा काठमाडौँ महानगरपालिका वा अन्य नगरपालिकाहरूले खाद्यवस्तु स्वस्थ र सफा छ/छैन भनेर अनुगमन र कारबाहीका लागि नीति र कार्यक्रम बनाउनु पर्दछ । अहिले खाद्य नियम २०२३, नेपाल गुणस्तर नियम १९८०, खाद्यवस्तु नियमावली १९८५, नगरपालिका ऐन १९९१ अन्तर्गत स्थानीय सरकारले खाद्यवस्तुको सुरक्षितताका लागि अनुगमन र नियन्त्रण गर्न सक्छन् । त्यस्तै प्रकारले उपभोक्ता संरक्षण ऐन १९९८ र कालो बजार ऐन १९७५ ले पनि यो कार्यलाई सहयोग पुऱ्याउँछ । सरकारले अन्तर्राष्ट्रिय गुणस्तर कायम राख्ने योजनाअनुसार स्थानीय स्तर,

नियम/कानूनलाई परिवर्तन पनि गर्न थालेको छ। उदाहरणका लागि 'कोडेक्स' स्तर (जुन मुख्यतः युरोपमा प्रचलित छ) अनुसारको स्तर कायम गर्ने प्रयास नीतिनियममा भएको छ। तर व्यवहारमा यससम्बन्धी धेरै काम भएका छैनन्।

बदलिँदो खाद्य संस्कृतिले सुरक्षित खाद्यवस्तुलाई पनि असर गरेको छ। काठमाडौँको परम्परागत चलनअनुसार घरमा तयार गरेर खाइने खाद्यवस्तु जस्तै बिहानमा मालपुवा, हलुवा, जेरी, पुरी, स्वारी, चनाको तरकारी, च्यूरा, दही आदिको उपयोग बिस्तारै कम हुँदै गएको छ। यसको सट्टा उद्योगबाट उत्पादित चाउचाउ, बिस्कुट र अन्य वस्तुहरूको उपभोग बढेको छ। घरमा तयार गर्ने खाद्यवस्तुको सट्टा बजारमा पाइने तयारी खानाले खाद्यसुरक्षामा नकारात्मक असर पारेको छ (अधिकारी र घिमिरे २०६३)।

## निष्कर्ष

यदि समयमै ध्यान नदिने हो भने काठमाडौँमा खाद्यसुरक्षाको जटिल समस्या पर्न सक्छ। गत केही वर्षअगाडि देखिको अवस्था हेर्ने हो भने खाद्यवस्तु र खाद्यसुरक्षाका लागि काठमाडौँ क्रमशः टाढाभन्दा टाढाको बजारमा निर्भर हुँदै आएको छ। भारतीय बजारमा अत्यधिक निर्भर काठमाडौँ अहिले विस्तारै युरोप/अमेरिकाको खाद्यवस्तुमा निर्भर भएको छ। विस्तारै खाद्य संस्कृतिमाथि प्रभाव पारेर र युवा पुस्तालाई मिडिया/फेसन/विज्ञापन आदिको प्रयोगबाट वशमा पारेर। ठूलाठूला व्यापारिक निगम र बहुराष्ट्रिय कम्पनीले पनि काठमाडौँमा आफ्नो पहुँच जमाउन थालेका छन्। यसरी काठमाडौँको विदेशी बजारमा बढ्दै गएको निर्भरता, यो सहरको 'दिगो' विकासका लागि हितकर छैन। काठमाडौँले स्थानीय खाद्य प्रणालीको विकास गर्न र यसमा निर्भरता बढाउन जरुरी छ। यसका लागि सहरको वरिपरिको क्षेत्रमा दिगो खाद्य उत्पादन गर्न सहयोग पुऱ्याउनु पर्दछ, जसले गर्दा ताजा र प्रदूषणरहित खाद्यवस्तु उत्पादन होस्। यसबाट ग्रामीण क्षेत्रमा पनि रोजगारी सिर्जना हुन्छ, जसले सेवामाथिको चाप घटाउन सहयोग पुऱ्याउँछ। यसबाट दुवै क्षेत्रलाई फाइदा पुग्छ। सहरमै र सीमान्त सहरी इलाकामा पनि साना कृषि पशुपालन, दुग्ध उत्पादन, माछा उत्पादन गर्न 'कम आम्दानी भएका' गरिब परिवारलाई प्रोत्साहन र सहयोग गर्न सकिन्छ। तर यो खेती पनि प्रदूषणरहित हुनु आवश्यक छ।

सहरमा खाद्य असुरक्षा हटाउन मुख्यतः दुई रणनीति प्रयोग भएको पाइन्छ। पहिलो त 'गरिबी' घटाउने जसले गर्दा गरिबहरूले पनि खाद्यवस्तु किन्न सक्छन्। अर्को तरिका सहरी क्षेत्रमा दिगो खाद्य प्रणालीको विकास गर्ने जसले गर्दा सस्तो, स्वास्थ र सबैले चाहेको खाद्यवस्तु उपलब्ध हुन्छ। यी दुवै रणनीति उत्तिकै

महत्त्वपूर्ण हुन्छन् । तर नेपालमा विशेष गरी पहिलो रणनीतिलाई थोरै मात्र ध्यान दिइएको छ । दोस्रो रणनीतिप्रति त्यति संवेदनशीलता देखिएको छैन ।

विभिन्न देशहरूमा आकस्मिक अवस्था सिर्जना भएका बखत् प्रयोग गर्न 'खाद्यवस्तुको बैंक'हरू सामुदायिक रूपमा विकास गरिएका छन् । भारतमा रासन कार्डको प्रयोग हुन्छ । नेपालमा 'सस्तो पसल'हरू राखिन्थ्यो जहाँ चामल र अन्य खाद्यवस्तु अरू पसलमा भन्दा केही सस्तो हुन्थ्यो । अहिले गरिब क्षेत्रका स्कुलमा खाजा खुवाउने चलन पनि छ, तर विरलै मात्र । दिगो खाद्य प्रणालीको विकास नगरेसम्म अन्य स-साना कार्यक्रमले मात्र यो समस्या समाधान हुँदैन ।

सहरी समुदायले खाद्य प्रणालीप्रति त्यति चासो देखाएको छैन । तर प्रत्येक समुदाय/व्यक्तिले यसमा सहभागी भएर आफूलाई कस्तो खाद्यवस्तु आवश्यक पर्दछ र त्यसलाई कसरी उत्पादन गर्नु पर्दछ भन्ने कुराको निर्णयमा सहभागी हुनु आवश्यक छ । सहरको स्थानीय सरकारको यसप्रति ठूलो जिम्मेवारी हुन्छ । उनीहरूले विशेष गरेर आपूर्ति र वितरणमा ध्यान दिएर खाद्यवस्तु कम वितरण खर्चमा गरिब टोलसम्म पुग्ने सुनिश्चितता गर्नु पर्दछ । सहरभित्रको आन्तरिक वितरणमा ध्यान दिँदा गरिब बस्तीसम्म बाटो र यातायातको पहुँच, खाद्यवस्तु पाउने ठाउँ नजिक राख्ने, त्यस्ता ठाउँमा जान/आउन यातायातको एकदमै सुविधा आदि पुऱ्याउनु पर्दछ । सुरक्षित खाद्यवस्तुलगायत अन्य समस्या समाधान गर्न स्थानीय सरकारले पहल गर्नु पर्दछ । स्थानीय सरकारले महिलाहरूलाई सहयोग पुग्ने हिसाबले शिशु स्याहार केन्द्रहरू उनीहरूले काम गर्ने क्षेत्रको नजिक वा उनीहरूको टोलमा राखेर केटाकेटीको हेरचाहमा मद्दत पुऱ्याउन सक्छ ।

## सन्दर्भ सामग्री

अधिकारी, जगन्नाथ, शरद घिमिरे । २०६३ । *बदलिँदो खाद्य शृङ्खला*। काठमाडौँ : मार्टिन चौतारी ।

अधिकारी, जगन्नाथ । सन् २००४ । खाद्यसुरक्षा : विश्वव्यापीकरणको सन्दर्भमा । *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन*। मेरी डेशेन र प्रत्यूष वन्त, सं., पृ. २१७-२४९ । ललितपुर : सोसल साइन्स बहा: ।

Adhikari, Jagannath. 1999. Growing Food Insecurity in Kathmandu Valley. *The Kathmandu Post*, 14 March, p. 4.

Adhikari, Jagannath. 2000. Urbanization, Government Policies and Growing Social and Environmental Problems in Pokhara, Nepal. *Studies in Nepali History and Society* 5(1): 43-87.

Adhikari, Jagannath. 2005. Significance of Towns in Rural Development. *Study in Nepali History and Development* 10(2): 295-319.

Adhikari, Jagannath and Hans-Gorge Bohle. 1999a: *Food Crisis in Nepal: How Mountain Farmers Cope*. New Delhi: Adriot Publications.

Adhikari, Jagannath and Hans-Gorge Bohle. 1999b. Urbanization, Government Policies and Growing Food Insecurity in Kathmandu Metropolis. *Studies in Nepali History and Society* 4(1): 191-246.

Argenti, O. 2000. Food for Cities. *Food Supply and Distribution Policies to Reduce Urban Food Insecurity: A Brief Guide for Mayors, City Executives and Planners in Developing Countries and Countries in Transition*. Rome: FAO (Food and Agriculture Organization). Food into City Collection, DT/43-00E.

Atkinson, Sarah J. 1995. Approaches and Actors in Urban Food Security in Developing Countries. *Habitat International* 19(2): 151-163.

Bajracharya, B. B. 1995. Promoting Small Towns for Rural Development: A View from Nepal. *Asia Pacific Population Journal* 10(2): 27-49.

CBS. 2003. *Population Census 2001: Selected Urban Tables*. Kathmandu: Central Bureau of Statistics (CBS).

CBS. 2005a. *Nepal Living Standards Survey Report 2003-04 [Main Findings: Volume One]*. Kathmandu: Central Bureau of Statistics (CBS).

CBS. 2005b. *Nepal Living Standards Survey Report 2003-04 [Main Findings: Volume Two]*. Kathmandu: Central Bureau of Statistics (CBS).

CBS. 2005c. *Nepal Poverty Assessment Background Paper: Poverty Trends in Nepal Between 1995-96 and 2003-04*. Kathmandu: Central Bureau of Statistics (CBS).

FAO. 2004. The State of Food Insecurity in the World 2004. Rome: Food and Agriculture Organization (FAO).

Joshi, Urmila. 2001. Ensuring Food Safety in Kathmandu Valley. Paper Presented at a Workshop on 'Integrated Strategies for Food Security Improvement in the Kathmandu Metropolis'. April 30 - May 1, Kathmandu.

The Kathmandu Post. 2002. Valley Street Children Suffer from Malnutrition. June 5, p. 2.

Liechty, Mark . 2005. Carnal Economics: The Commedification of Food and Sex in Kathmandu. *Cultural Anthropology* 30(1): 1-38.

Lipton, Michael. 1977. *Why Poor People Stay Poor: A Study of Urban Bias in World Development*. Cambridge, MA: Harvard University Press.

Lourenco-Lindell, I. 1995. The Informal Food Economy in a Peripheral Urban District: The Case of Bandim District, Bissau. *Habitat International* 19(2): 195-208.

May, Julian and Christian M. Rogerson. 1995. Poverty and Sustainable Cities in South Africa: The Role of Urban Cultivation. *Habitat International* 19(2): 165-181.

NRB. 2006. Quarter Economic Bulletin . Kathmandu: Nepal Rastrya Bank (NRB).

Pradhan, P. 2000. Urban Change and Food Security in Kathmandu. Paper Presented at a WorkShop on 'Integrated Strategies for Food Security Improvement in the Kathmandu Metropolis'. April 30 - May 1. Kathmandu.

Ramachandran, R. 1989. *Urbanization and Urban Systems in India.* New Delhi: Oxford University Press.

Sen, Amartya. 1981. *Poverty and Famine: An Essay on Entitlement and Deprivation.* Oxford: Clarendon Press.

Sharma, Pitamber. 2003. Urbanization and Development [Chapter 10]. *Population Monograph of Nepal.* Vol. I, pp. 375-412. Kathmandu: Centre Bereau of Statistics (CBS).

Shrestha, Rabin Man and Anil K. Raut. 2002. Air Quality Management in Kathmandu. Paper Presented at a Conference on 'Better Air Quality in Asia and Pacific Rim Cities (BAQ 2002) December 16-18, Hongkong.

Simai, M. 1997. A Globalizing World. *Cities Fit for People.* W. Kirdar, ed., pp. 50-70. New York: United Nations.

Thaman, R.R. 1995. Urban Food Gardening in the Pacific Islands: A Basis for Food Security in Rapidly Urbanising Small-Island States. *Habitat International* 19(2): 209-224.

WFP. 2001. *Nepal Food Security and Vulnerability Profile 2000.* Kathmandu: World Food Programme.